Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १६, २०८२ साल कार्तिक २५ गते मंगलबार (November 11, 2025)

www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# मेलम्चीका प्रभावित वस्ती स्थान्तरण हुने



काठमाडौ । हप्ता दिन अघिदेखि सर्घषरत मेलम्ची खानेपानी बाढी पिडित सघर्ष समिति र सरकार बीच वार्ता भएको छ । सघर्ष समितिले हेडबक्स थुनेर काठमाडौ उपत्यकामा खानेपानी पठाउन अवरोध गरेको थियो । आयोजनाको मुहान खुलाउन खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी बाढीपीडित सङ्घर्ष समितिबीच २४ गते छलफल भएको छ । खानेपानी मन्त्रालय र सङ्घर्ष समितिबीच विगतमा भएका सहमति कार्यान्वयन गर्ने विषयमा छलफल भएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले बताएका छन् ।

विसं २०८१ असोज २१ गते सङ्घर्ष समिति र तत्कालिन खानेपानी मन्त्री प्रदिप यादवबीच स्थानीय स्तरमा ऋण लिई व्यवसाय गरिरहेकाहरुले बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण मिनाहा गर्न तथा विद्युत् महशुल जरिवानासहितको मिनाहा गर्न सम्बन्धित निकायमा पहल गर्ने, हेलम्बु गाँउपलिकामा प्राविधिक इन्जिनियरिङ कलेज स्थापना गर्न सङ्घिय शिक्षा मन्त्रालयमार्फत हुनेगरी विशेष पहल गर्ने, हेलम्बु गाउँपालिकाका जोखिममा रहेका सार्वजनिक संरचाना, घर, वस्ती सुरक्षा सम्बन्धि एकीकृत विकास कार्यक्रम तथा नयाँ शहरका रूपमा विकास गरी तत्काल अध्ययन कार्य अगाडि बढाउन शहरी विकास मन्त्रालयमार्फत हुने गरी विशेष पहल गर्नेलगायत सम्झौता भएको तर कार्यन्वयनमा आएको थिएन । उक्त सहमती भएका अधिकारहरु लागु गर्न पुन: छलफल भई सहमती गरिएको मेलम्ची खानेपानी बाढीपीडित सघर्ष समितिले जानकारी दिएको छ । यस्तै २०७८ असार १ गते तथा साउन १६ र १७ गतेको बाढीले बगरमा परिणत भएको जग्गामा भविष्यमा व्यक्तिले संरचना निर्माण तथा खेतीपाती गर्ने कार्य गर्ने हुँदा यस्तो विपद् पुन: दोहोरिने देखिएको हुँदा स्थानीयको जग्गा सङ्घिय सरकारले स्वामित्वमा लिई दुवै पक्षको सहमतिमा तत्कालिन दररेटमा मुआब्जा उपलब्ध गराउने व्यवस्था गर्न विशेष पहल गर्ने, गोल्फुभञ्ज्याङ-चित्रे-ग्याल्थुम सुरुङ-चनौटे रातोपुल-पाल्चोक देवीथान-लावगाउँ-बाँसखर्क-वरुवा-याङ्ली-वैकल्पिक सडकको आवश्यक प्रक्रिया सुरु गर्नेलगायत सम्झौतामा उल्लेख थियो । आइतबार मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्यको अध्यक्षतामा भएको छलफलमा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक दास, काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका प्रतिनिधि, सरोकारवाला निकाय, राजनीतिक दल र जेनजीका प्रतिनिधि सहभागी थिए । सङ्घर्ष समितिले काठमाडौँले मेलम्चीको पानी उपभोग गरेबापत् स्थानीय हेलम्बु गाउँपालिकालाई २५ प्रतिशत लाभांश दिने सहमति कार्यान्वयन गर्न माग गर्दै आएको छ । स्थानीयले गत बिहीबार मेलम्चीको पथान्तरण गरिएको क्षेत्र अम्बाथानको सुरुङमा एक्स्काभेटर प्रयोग गरी मेलम्ची खोलाको पानी खोलातिर फर्काएका थिए । पानी माथिको यस्तो भौतिक रुपमा नै अवरोध गर्ने कार्य गर्नेहरुलाई विकसीत देशहरुमा वा कडा कानून भएका देशहरुमा भए अत्यआश्यक मानवीय उपभोग्य वस्तुमा अवरोध पुऱ्याई मानवता विरोधी कार्य गरेको भनेर फासी सम्मको सजाय हुनसक्थ्यो । जायज मागहरु शान्तिपूर्ण राख्न पाउने अधिकार हुदाहुदै नेपालमा यस्ता अराजक गतिविधि हुदै आएका छन् । यो नेपालको लागि अत्यन्तै डरलाग्दो अवस्थामा देश पुगिरहेको छ ।

## रास्वपा रिफर्मेसनका लागि तोसिमाको चार बुँदे मार्गचित्र



काठमाडौं- चितवनको सौराहामा सम्पन्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय समितिको विस्तारित बैठकमा डा. तोसिमा कार्कीले पार्टी रिफर्मेसनका लागि चार बुँदे मार्गचित्र पेस गरेकी छन् ।

उनले पेस गरेको मार्गचित्रमा पार्टीको महाधिवेशनदेखि वैचारिक पुनर्संरचनासम्मका विषय समेटेर नेतृत्वलाई स्पष्ट निर्णयका साथ अघि बढ्नुपर्ने उल्लेख छ । कार्कीले पहिलो बुँदामा महाधिवेशनलाई पार्टीको 'अक्सिजन' भन्दै २०८२ मङ्सिरमै सम्पन्न गर्नपर्ने प्रस्ताव राखेकी छन् । महाधिवेशनले सङ्गठन विस्तार, वैचारिक स्पष्टता र चुनावी तयारीमा नयाँ

» बाकी ६ पृष्ठमा

## स्कुलमा कम्प्युटर विषय अनिवार्य गर्ने तयारी



काठमाडौं- शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले देशभरका विद्यालयहरूमा शिक्षा क्षेत्र सुधारका दुई महत्वपूर्ण पहल अघि बढाएका छन् – माध्यमिक तहमा कम्प्युटर शिक्षा अनिवार्य गर्ने र निजी विद्यालयहरूलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउन निर्देशन दिने ।

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले प्रविधिमैत्री शिक्षा प्रणालीको सुरुवातका रूपमा कक्षा ९ र १० मा कम्प्युटर विषय

» बाकी ६ पृष्ठमा

## जय बागेश्वरीमा व्रह्माको मन्दिर, मेयर र उपमेयरले गरे उद्घाटन



काठमाडौं- काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले आज व्रह्माको मन्दिर समुद्घाटन गरेका छन् ।

उपप्रमुख सुनिता डंगोल, सम्पदा तथा पर्यटन समितिका संयोजक एवं वडा नम्बर ८ का अध्यक्ष आशामान संगतसहित प्रमुख शाहले महानगरपालिकाको वडा नम्बर ८ जयवागेश्वरी, गायत्री मार्गमा रहेको मन्दिर समुद्घाटन गरेका हुन् । मन्दिर समुद्घाटनपछि बोल्दै उपप्रमुख डंगोलले, प्राचीन स्मारकको जीवनका रुपमा रहेका आकृतिक, मूर्ति तथा कलाकृति पुनरुत्थानबाट सांस्कृतिक सहरको पहिचान पुनस्थापित गर्न लागिरहेको बताइन् । मूर्ति राख्ने प्रसङ्गमा उनले भनिन्, 'जहाँ मूर्तिको पूजा हुन्छ । मूर्तिलाई त्यहीँ राख्नुपर्छ । यसलाई हामीले अभियानका


» बाकी ६ पृष्ठमा

## परीक्षा दिएको दुई वर्षसम्म कोरिया जान नपाएकाले घेरे ईपीएस शाखा



काठमाडौं- रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत भाषा परीक्षा पास गरेपनि कोरिया पठाउन ढिलाइ गरेको भन्दै आन्दोलन सुरु भएको छ । भाषा र सीप परीक्षा पास गरेको दुई वर्ष बित्नलाग्दा समेत दक्षिण कोरिया जान नपाएकाहरूले बिहीबार ललितपुरको ग्वार्कोस्थित वैदेशिक रोजगार विभाग अन्तर्गत ईपीएस कोरिया शाखा घेराउ गरेका हुन् । सन् २०२५ का लागि एक लाख ६३ हजार जना परीक्षामा सहभागी भएकोमा १७ हजार ३० जना भाषा परीक्षामा उत्तिर्ण भएका थिए ।तीमध्ये अधिकांशको अहिलेसम्म करार सम्झौता समेत नभएको कारण दक्षिण कोरिया जान पाएका छैनन् । कोरियामा कामदार पठाउन थप विज्ञान र परीक्षा लिनुभन्दा पहिले पास गरेका कामदारहरुलाई कोरिया पठाउनुपर्ने उनीहरूको माग छ ।

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १६,
२०८२ साल कार्तिक २५ गते मंगलबार
11 NOVEMBER 2025, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय


# नेपाललाई स्थाईत्व दिन गनैपर्ने काम गरौं ।

नेपाल देशमा क्रान्तिका नाममा परिवर्तनका नाममा खुलेका पार्टीहरूले लेखेका घोषणापत्र विधि विधान राम्रा भएपनि तिनै पार्टीहरूले सत्तामा पुगेर पटक पटक सरकार चलाउदा जनताले प्राप्त गर्नुपर्ने सुविधा र महसुस हुने खालका योजनाहरू पाउन सकेनन् । राजनीतिक असन्तोष भईनै राख्यो । सरकार ढाल्ने र बनाउने खेलमा राजनीतिक अस्थिरता भईनै राखये अहिलेसम्म त्यो जारी नै छ । स्थाईत्व हुन सकिराखेको छैन । यसका पछाडी थुप्रै कारणहरू होलान् तर काम नदेखिएपछि जनतामा असन्तोष बढेको थियो छ ।

विकास निर्माणका कामहरू सुस्त गतिमा चलिरहेका छन् । तोकेको समयमा कुनैपनि निर्माणका कामहरू सम्पन्न हुन सकेनन् अपवादमा वाहेक । संविधान मात्र नेपालमा ७ पटक फेरिसेको छ । त्यसकारण नेपालको विकास गर्न गनैपर्ने कामहरू जसले नेपाली नागरिकलाई सधै काममा व्यस्त राख्ने र देशले मानव हितमा प्रयोग हुने वस्तु उत्पादन गर्ने काम गर्न ऐन, कानून, नीयमहरू कतै कुनै नमिलेका छन् भने त्यस्ता नीयमहरूलाई परिमार्जन गरेर भएपनि छिटो छरितो तरिकाले जनताको पक्षमा काम गर्नुपर्ने थियो । त्यो आजसम्म पनि हुन सकेको छैन । त्यसैले नेपाललाई स्थाईत्व दिन नेपाली नागरिकले प्राप्त गर्न सक्ने अधिकारहरूलाई सुनिश्चित गरेर नेपाली नागरिकहरूको अर्थतन्त्र उकास्ने कामहरू गरेर देशलाई सधैको लागि राजनीतिक स्थाईत्व दिएर नेपालको विकास गर्न सक्नुपर्छ ।

यस्ता खालका योजनताहरू अहिले नयाँ पुस्ताले नेपालको नतृत्व गर्ने तहमा पुग्दा ध्यान दिनुपर्नेछ । विगतका पुस्ताहरूले त यस्तो वातावरण बनाउन सकेनन् । अहिले पुस्ताले नेपालमा सुरक्षाको नयाँ अभ्यास पनि गर्नुपर्ने छ । नेपालले दरवार हत्याकाण्डमा आफ्नै देशको राजपरिवारको सुरक्षा गर्न सकेन । जननेता मदनभण्डारीलाई बचाउन सकेन । हुदा हुदा नेपालको ईतिहास बोकेको सिंहदरवार बचाउन सकेन । त्यसकारण नेपालको राज्य संयन्त्रमा नयाँ अभ्यासको थालनी हुन जरूरी छ । राजनीतिक अस्थिरता यो सम्भ नहुदोरहेछ । राजनीतिक स्थाईत्व कायम गर्न के के काम गर्दा स्थाईत्व हुन्छ । त्यसैमा केन्द्रीत हुन जरूरी भईसकेको छ ।

# हुलाकी सडक निर्माणको सुस्तता र असर



■ डिल्लीराम मिश्र "कलमजीवी"

अहिले देशमा राष्ट्रिय गौरवका सडक परियोजना पाँचओटा क्रियाशील छन् । यी सबैको विकासगति र निर्माणकार्यको अवस्था धिमा गतिमा अघि बढेको छ । यस्ता पाँचओटा राष्ट्रिय गौरवका सडक सञ्जाल अन्तर्गतका आयोजनातर्फ क्रमश: मध्यपहाडी लोकमार्ग हुलाकी राजमार्ग, कालीगण्डकी लोकमार्ग, कर्णाली करिडोर र कोशी करिडोर सडक रहेका छन् । यी सबै परियोजनाको कुल लागत २ खर्ब ४४ अर्ब ७९ करोड ६६ लाख रुपियाँ अनुमान गरिएको छ । सडक विभागको एक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१-०८२ सम्म यी परियोजनाको औसत भौतिक प्रगति ५८ प्रतिशत मात्र भएको छ । तर यी परियोजनाको औसत वित्तीय प्रगति भने ५४.६ प्रतिशत पुगेको छ ।

यी परियोजनाको औसत भौतिक प्रगतिभन्दा वित्तीय प्रगति कम रहेको छ । उता २०८२ असारसम्म यी सडक आयोजनामा एक खर्ब ७३ अर्ब ९ करोड २६ लाख रुपियाँ खर्च भैसकेको छ, जुन कुल अनुमानित लागतको ७०.७१ प्रतिशत अंश हो । यसरी हेर्दा यी आयोजनामा पनि खर्च र प्रगतिबीच सन्तुलन कायम हुन नसकेको अवस्था छ । यसको अर्थ भौतिक विकास प्रगतिभन्दा खर्च बढी छ । आयोजनाको औसत भौतिक प्रगतिलाई अवलोकन गर्दा समग्र सडक निर्माण गर्न विनियोजित बजेट अपुग हुने अवस्था देखिन्छ । तोकिएको समयावधिमा परियोजना सम्पन्न नहुनु एवम् समय लम्बिदै जानुको नकारात्मक प्रतिफल पनि हो यो ।

आधुनिक नेपालको सडक यातायातको विकासक्रममा हुलाकी सडक वा हुलाकी राजमार्गको कथा व्यथा भने पृथक छ । यस सडकले ८० वर्षे यात्रा पार गरे पनि हुलाकी राजमार्गको निर्माण कार्य आर्थिक वर्ष २०६३-०६४ बाट मात्र सुरु गरिएको हो । तर २०८२ असारसम्म यस राजमार्गको भौतिक प्रगति ७२.७५ प्रतिशत एवम् वित्तीय प्रगति ६८.९६ प्रतिशत पुगेको छ । यस परियोजनामा भौतिक प्रगति र वित्तीय प्रगतिका बीच करिब करिब सन्तुलन जस्तै देखिन्छ । राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठक प्रतिवेदन एवम् राष्ट्रिय योजना आयोगको अध्ययन २०७४ अनुसार यस आयोजनाको कुल लागत करिब २५ अर्ब रुपियाँ लाग्ने अनुमान गरिएको थियो, जुन नेपाल सरकारको स्रोत तथा भारत सरकारबाट प्राप्त हुने १२ अर्ब रुपियाँ अनुदान रकम बेहोरिने लक्ष्य थियो, तर पटक पटक चरणमा आयोजनाको समयावधि थप गरिएको कारण हुलाकी सडकको कुल लागत बढेर एक खर्ब ६३ करोड रुपियाँ पुगेको छ । यस आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७४-०७५ मा सम्पन्न हुने प्रारम्भिक अपेक्षा गरिएको थियो, तर त्यो सम्भव भएन । यस आयोजनाको अन्तिम चरणको निर्माण कार्य आव २०८३-०८४ सम्म सम्पन्न हुने लक्ष्य नेपाल सरकारले लिएको छ, तर यो लक्ष्य पनि असम्भव जस्तै हुने निश्चित छ ।

नेपालकै ऐतिहासिक हुलाकी सडक झापा जिल्लाको केचनादेखि पश्चिम कञ्चनपुरको दोधारा चाँदनीसम्मको विशाल भूभागसम्म फैलिएको छ । यस सडकले तराईका सबै जिल्लाको प्रतिनिधित्व गरेको छ । यो राजमार्ग पूर्व-पश्चिम अर्थात् महेन्द्र राजमार्गभन्दा सिधा दक्षिण नेपालको सीमावर्ती क्षेत्रमा अवस्थित छ । अझ भनौं सम्भावना र विकासको दृष्टिले हुलाकी सडक महेन्द्र राजमार्गको समानान्तर राजमार्ग पनि हो । यो विशाल भूभागलाई जोड्ने यस आयोजनाको कुल लम्बाइ एकहजार ८५७ किमि रहेको छ, तर कतै कतै यसको लम्बाइ एकहजार ७९२ किमि पनि उल्लेख गरेको भेटिन्छ ।

ऐतिहासिक हुलाकी सडकको कथा व्यथाको इतिहास निर्माणको चरण आठ दशक लामो छ । हुलाकी शब्द नै सञ्चार माध्यमको पर्यायवाची शब्द हो । हुलाकी सडक देशभरि चिठ्ठीपत्र र सरकारी कागजपत्रको ओसारपसार गर्ने उद्देश्यले नेपालका राणा प्रधानमन्त्री श्री ३ पद्मशमशेर जङगबहादुर राणाले वि.सं. २०००-२००५ सम्मको कालखण्डमा यस हुलाकी सडकको निर्माणकार्यको थालनी गरेका थिए । राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारप्रसार गर्ने हुलाकी हिंड्ने छोटो र छिटो बाटो भएकाले यसलाई पद्मरोड नामबाट पनि चिनिन्छ । विभिन्न कालखण्डमा यो सडकलाई थरीथरीका नामले परिचित बनाए । जस्तै हुलाकी सडक, हुलाकी राजमार्ग, हुलाकी लोकमार्ग र पहुँचमार्ग आदिबाट पनि सम्बोधन गरिन्छ । हुलाकी राजमार्गको निर्माणकार्य सम्पन्न हुन नसकेको व्यथाको इतिहास अति लामो रहेको छ । समयमा निर्माणकार्य सम्पन्न नहुँदा यस क्षेत्रको भूगोलमा बसोबास गर्ने तराई-मधेसका अत्यधिक बासिन्दाहरूको जीवनमा प्रतिकूल असर परेको छ ।

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् २०४७ सालमा भारतका प्रधानमन्त्री चन्द्रशेखरसिंह नेपालको राजकीय भ्रमणमा आउँदा हुलाकी सडक भारतीय सहयोगबाट निर्माण गर्ने प्रतिबद्धता जनाएका थिए । तर उक्त निर्माणकार्य विविध कारणबस १४ वर्षपछि २०६१ सालमा आएर मात्र दुई देशबीच औपचारिक सम्झौता भै निर्माणकार्य प्रारम्भ भएको हो । सम्झौतापश्चात् आव २०६३-०६४ हुँदै आव २०७४-०७५ सम्ममा यसको निर्माण कार्य सम्पन्न हुने अनुमान गरिएको थियो, तर त्यो सम्भव भएन । त्यहाँदेखि यहाँसम्म आउँदा हुलाकी राजमार्गको म्याद पटक पटक गरी छैटौं पटकसम्म थप गरिएको छ, जसको कारण लक्ष्यानुसार समयमै काम नहुँदा आयोजनाको लागत चर्को रूपमा बढेको छ । यसको भौतिक प्रगति २०८२ असारसम्म २० वर्षमा ७२ प्रतिशत मात्रै हुनु भनेको एउटा बिडम्बनापूर्ण घटना हो ।

पछिल्लो चरणको अध्ययन क्रममा आर्थिक वर्ष २०८३-०८४ सम्म निर्माणकार्य सम्पन्न गर्ने लक्ष्य लिएर यस परियोजना अघिबढेको छ, तर यसको हालको गति पनि अन्य राष्ट्रिय गौरवका आयोजनाहरू जस्तै धिमा गतिमा रहेको छ । अहिलेसम्म कुल सडकमध्ये एकहजार ३५१ किमि सडक कालोपत्रे भैसकेको छ,, जुन कुल लम्बाइको ७२.७५ प्रतिशत हो । सडकको अरु भूभागमा सडक कालोपत्रेको प्रक्रिया र ठेक्का आह्वान गर्ने कार्य भैरहेको छ । यस सडक परियोजनाअन्तर्गत तीन सयओटा पुल बनाउनु पर्ने छ भने अहिलेसम्म १५१ ओटा पुल निर्माण भएका छन्, जुन कुल क्षमताको ५०.३ प्रतिशत मात्र हो । यस्तै ५९ ओटा पुल निर्माणका चरणमा छन् भने ८९ ओटा पुलको ठेक्का लगाउने कार्य भैरहेको छ । यसरी हेर्दा आयोजनाको पुल निर्माण गर्ने कार्य पनि अत्यन्त सुस्त गतिमा रहेको छ ।

हुलाकी सडकको निर्माण कार्य राणाकाल, पञ्चायतकाल, बहुदलीय प्रजातन्त्रकाल एवम् सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा समेत यसको पृष्ठपोषण भैरहेको छ । सडक निर्माणको नाउँमा बजेट भजाएर खाने काम यस आयोजनामा पनि अबिछिन्न रूपमा चलिरहेकै छ । अहिलेसम्म पनि आशातीत उपलब्धि प्राप्त हुन नसकिरहेको अवस्थामा चाँडोभन्दा चाँडो रूपमा निर्माणकार्य सम्पन्न गरी आमनागरिकहरू विकास र समृद्धिको फल उपयोग गर्न तराई-मधेसका जनता लालायित रहेका छन् । पटक पटक भारत सरकारसँग भएका सम्झौताअनुसार हुलाकी राजमार्गको निर्माणकार्य भारत सरकारले नै निर्धारित समयमा सम्पन्न गर्ने आशा थियो । तर नेपाल सरकारले सोचेको भन्दा फरक परिणाम देखापऱ्यो । यस पाटोमा सरकारी पक्ष मौन रहे पनि तराई-मधेसका जनताले नेपाल सरकारले आफ्नै स्रोत र साधनबाट निर्माणकार्य नगरेर भारत सरकारको भरपर्नु गलत सोच एवम् चिन्तन हो भन्दै चर्को आवाज उठाउन थाले, जसको कारण तराई-मध्येसका जनतालाई विकास निर्माण कार्यमा विभेद भएको आभास आम नागरिकहरूको सोचमा परिवर्तन देखिन थाल्यो । आम नागरिकको विरोधपश्चात भारत सरकारसँग भएको सम्झौता रद्द गरी नेपाल सरकारले आफ्नै स्रोत साधनमा सडक निर्माण गर्ने कार्यको थालनीपश्चात् मात्र यस सडकको निर्माण कार्यले गति लिएको देखिन्छ ।

भौगोलिक रूपमा निर्माणकार्य गर्नसमेत सहज रहेको हुलाकी सडक निर्माण नहुँदा तराई-मधेशका जनतामा सांस्कृतिक सामाजिक, शैक्षिक, आर्थिक र आम आय-आर्जनको क्षेत्रमा समेत नकारात्मक असर परेको छ । यसको साथै स्वास्थ्यको क्षेत्रमा समेत अल्पकालीन तथा दीर्घकालीन रूपमा प्रतिकूल असर परेको देखिन्छ । हुलाकी सडक तराई-मधेसका लागि रक्तसञ्चार हो । यस सडक निर्माण नहुँदा जिल्ला जिल्लाबीच कार्यगत समन्वय र एकतामा ह्रास भएको छ । आम नागरिकको आर्थिक समृद्धिमा असर परेको छ । यस सडकको निर्माणकार्य सम्पन्न नहुँदा उद्योगधन्दा लोप हुनु, कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बेरोजगारी बढ्नु, युवा जनशक्ति पलायन हुनु तथा मानिसको जीवनस्तर गिर्नुजस्ता अल्पकालीन र दीर्घकालीन असरहरू परेका छन् ।


कुनै पनि क्षेत्रको समग्र विकासमा सडक यातायात एउटा मेरुदण्ड हो । समतामुलक विकास राष्ट्रिय गौरवको समग्र पहिचान र सान हो । तर असी वर्ष बितिसक्दा पनि हुलाकी सडकको निर्माणकार्य सम्पन्न हुन नसक्नु कस्तो बिडम्बना हो ? तराई-मधेस क्षेत्रको विकास भन्नु नै राट्रिय विकास नीतिको प्रमुख हिस्सेदारी पनि हो हुलाकी सडक । यति लामो इतिहासको कालखण्डसम्म पनि हुलाकी सडक निर्माणमा जनताको अज्ञानता, सकारात्मक सोचमा कमी, राजनीतिक विभेद र विग्रह एवम् द्वन्द्वका कारणले निर्माणकार्यमा अवरोध आइरहेकै छ । तथापि, निर्माणाधीन अवस्थामा रहेको हुलाकी सडकको जनस्तरबाट निर्माणकार्यको गुणस्तर सन्तोषजनक नभएको भन्दै प्रश्नचिन्ह उठेपछि २०७६ जेठमा सङ्घीय संसद् विकास तथा प्रविधि समितिले हुलाकी राजमार्ग निर्माणसम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग एवम् आयोजना प्रमुखलगायत सरोकारवाला निकायसँग पटक पटकको छलफलपश्चात् समितिले उक्त राजमार्ग निर्माणको वर्तमान अवस्था, निर्माणको कार्य प्रगति र समस्या तथा चुनौती आदि विषयमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय गरे पनि आशातीत सफलता प्राप्त हुन सकेन ।

त्यसैले सम्झौताअनुसार सडक तथा पुल आयोजना अलपत्र छाड्ने ठेकेदारहरूको गलत प्रवृति पनि यस क्षेत्रमा बढेको छ । यसकारण तोकिएको समयावधिभित्र कुनै पनि योजनाको निर्माणकार्य सम्पन्न हुन नसक्नु नेपालको विकासको लागि दुर्भाग्यपूर्ण घटना हो । सडक निर्माण कम्पनीको चरम लापरवाही ठेक्कापट्टामा भ्रष्टाचार, गुणस्तरीय कार्यको सुपरीवेक्षण नहुनु एवम् अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यमा सुधार गर्नु आजको अपरिहार्यता पनि हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP


# दैलेखमा जातीय विभेदको घटनाः पानी छोएको विवादले दलित महिलामाथि कुटपिट

**विनोद नेपाली**



काठमाडौं- दैलेख जिल्लाको आठबिस नगरपालिका-४ राखम, कर्णालीमा जातीय विभेदका कारण एक दलित महिलामाथि कुटपिट भएको घटना सार्वजनिक भएको छ । स्थानीयका "अनुसार पानी छोएको विवादलाई लिएर गैरदलित समुदायका व्यक्तिहरूले ती महिलामाथि कुटपिट गरेका हुन्" ।

घटना बाहिरिएपछि गाउँमा तनाब सिर्जना भएको छ । पीडित पक्षले न्यायको माग गर्दै दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेका छन् ।मानवअधिकारकर्मी र सामाजिक अभियन्ताहरूले यस घटनाको कडा निन्दा गर्दै यसलाई समाजको लाजमर्दो अवस्था भएको बताएका छन् । उनीहरूले भने, "२१औं शताब्दीमा पनि जातीय विभेदका कारण महिला हिंसाको घटना हुनु दुःखद र अस्वीकार्य कुरा हो । दोषीलाई कानुन अनुसार सजाय दिनुपर्छ ।"

कर्णाली प्रदेशमा पछिल्ला वर्षहरूमा सामाजिक सहअस्तित्व र समानताको कुरा अगाडि बढ्दै गए पनि यस्ता घटनाले फेरि एकपटक जातीय विभेद समाप्त गर्ने प्रयासलाई चुनौती दिएको देखिएको छ ।

यस घटनाले कर्णालीमा जातीय समानता, सामाजिक न्याय र सहअस्तित्वको विषयमा गम्भीर प्रश्न खडा गरेको छ । स्थानीय प्रशासनले घटनाबारे अनुसन्धान अघि बढाएको जनाएको छ ।

**रामेछाप डायरी**

# रामेछाप नगरपालिकाको ९ वटै वडाहरुमा 'वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन'



रामेछाप- रामेछापको रामेछाप नगरपालिकाको ९ वटै वडाहरुमा 'वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन' गरिएको छ । रामेछाप नगरपालिका वडा नं १ गोठगाउँ, वडा नं २ देउराली, वडा नं ३ साँघुटार, वडा नं ४ हिमगंगा, वडा नं ५ रामपुर, वडा नं ६ ओखनी, वडा नं ७ सुकाजोर, वडा नं ८ रामेछाप र वडा नं ९ ल्याङल्याङमा समिति गठन गरिएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समझदारी अनुसार रामेछाप नगरपालिकासँगको सहकार्यमा चाइल्ड एड नेटवर्क फाउण्डेशनको आर्थिक सहयोग तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको प्राविधिक सहयोगमा सञ्चालित "इसिडी हार्मोनी परियोजना"मार्फत नगरको सबै वडाहरुमा सम्बन्धित वडाका वडाअध्यक्षको संयोजकत्वमा समिति गठन गरिएको हो । 'गर्दै गरौं लगानी बाटो, कूलो, पुल, भवन र मन्दिरमा, थप गरौं लगानी प्रारम्भिक बालविकास' भन्ने मूल नाराका साथ सम्बन्धित वडा कार्यालयको आयोजनामा सञ्चालित समिति गठन तथा कार्यशालामा सहभागीहरुलाई प्रारम्भिक बालविकासको परिचय, अवधारणा, महत्व, प्रारम्भिक बालविकाससँग सम्बन्धित एकीकृत सेवा प्रवाहको बारेमा अभिमुखीकरण गरिएको थियो । त्यसैगरी "प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८"बारेमा समेत अभिमुखीकरण गराइएको रामेछाप नगरपालिकाका बालविकास संयोजक सरोज श्रेष्ठले जानकारी दिनुभयो । "राष्ट्र निर्माण र दिगो विकासको जग मानिका भविष्यका कर्णधार बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि आवश्यक लगानीको प्रवर्द्धन गराउने, प्रारम्भिक बालविकाको परिचय, अवधारणा र महत्वबारे सम्बन्धित सरोकारवाला तथा जिम्मेवार पक्षलाई जानकारी गराउने र वडास्तरमा प्रारम्भिक बालविकास समिति गठन गर्ने हेतुले कार्यशालाको आयोजना गरिएको बालविकास संयोजक श्रेष्ठले बताउनुभयो ।

कार्यशालामा सम्बन्धित वडाका वडा अध्यक्ष तथा वडा सदस्य, आमा समुहका अध्यक्ष तथा प्रतिनिधि, बाल सञ्जालका अध्यक्ष वा प्रतिनिधि, वडाका विषयगत शाखाका प्रमुख, वडा सचिव, बालमैत्री सहजकर्ता, वडा शिक्षा समितिका प्रतिनिधि, वडा नागरिक समुहका अध्यक्ष तथा प्रतिनिधि, महिला स्वास्थ्य स्वयंमसेविका, इसिडी मेन्टर लगायतको सहभागिता रहेको थियो ।

सबै वडाहरुमा भएको कार्यशालामा बालविकास संयोजक श्रेष्ठले प्रारम्भिक बालविकासको परिचय, अवधारणा, महत्व, प्रारम्भिक बालविकाससँग सम्बन्धित एकीकृत सेवा प्रवाह र "प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८" बारेमा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो । त्यसैगरी वडास्तरीय प्रारम्भिक बालविकास समितिको गठन प्रक्रिया र समितिको काम, कर्तव्य र अधिकारका बारेमा समेत उहाँले अभिमुखीकरण गराउनु भएको थियो । रामेछाप नगरपालिकाका वडाअध्यक्षहरुले यो समितिले बालबालिकाको क्षेत्रमा प्रारम्भिक बालविकासका क्षेत्रमा महत्वपूर्ण सहयोग पुर्याउने बताएका छन । उनिहरुले प्रारम्भिक बालविकासको क्षेत्रमा काम गर्नको लागि यो समितिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन ।

# सर्वपक्षीय अन्तरिम सरकारको माग गर्दै विप्लव समूहको प्रदर्शन

काठमाडौं- सर्वपक्षीय अन्तरिम सरकारको माग गर्दै विप्लव समूहको प्रदर्शन २० कात्तिक, काठमाडौं- नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले काठमाडौंमा प्रदर्शन गरेको छ । सर्वपक्षीय अन्तरिम सरकारको माग गर्दै नेकपाले र्‍यालीसहित प्रदर्शन गरेको हो ।

काठमाडौंमा बिहीबार दिउँसो सो पार्टीले प्रदर्शन र सभा गरेको हो । जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रम लगायतका विषयमा पार्टीको धारणा आम जनतामाझ पुर्‍याउने उद्देश्यले सभा गरिएको नेकपाले बताएको छ ।

अहिले प्रदर्शन भृकुटीमण्डपमा पुगेर सभामा परिणत भएको छ । सभालाई महासचिव नेत्रविक्रम चन्द विप्लवले सम्बोधन गर्नेछन् ।

# निरंकुश बन्दै गएको सत्तालाई जेन–जीले खरानी बनाइदियोः विप्लव



काठमाडौं- नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले निरंकुश बन्दै गएको सत्तालाई जेन-जीको बलिदानले खरानी बनाइदिएको बताएका छन् ।

सर्वपक्षीय अन्तरिम सरकारको माग गर्दै नेकपाले काठमाडौंमा निकालेको प्रदर्शनलाई सम्बोधन गर्दै विप्लवले जेन-जी पुस्ताले आफ्नो रगत दिएर निरंकुश सत्तालाई खरानी बनाएको बताएका हुन् ।

'जेन-जी आन्दोलनमा बलिदान गर्नेहरूले नेपाललाई कहिल्यै नबिर्सने गुण लगाएर गएका छन् । राज्यसत्ता अन्धो थियो । बहिरो थियो । निरंकुश थियो । मुर्ख बन्दै गएको थियो । जनताविरुद्ध तानाशाही बन्दै गएको थियो,' उनले भने, 'जेन-जीले आफ्नो रगत दिएर, बलिदान गरेर अहंकारी दलालहरूको सत्ता र संसद्लाई थला पारेर आगोमा खरानी बनाइदिए ।'

उनले काठमाडौंको सडकबाट नवयुवाको रगत अझै आलै रहेको र जलाइएका संरचनाहरू जीर्ण बनेर उभिएको जिकिर गरे ।

# म्यानमारमा अलपत्र १४ नेपालीको उद्धार




काठमाडौं- म्यानमारमा अलपत्र परेका १४ जना नेपालीलाई नेपाली राजदूतावास, बैंकक (थाइल्यान्ड) ले उद्धार गरी स्वदेश पठाएको छ ।उनीहरू विभिन्न प्रलोभनमा परी विभिन्न माध्यमबाट म्यानमारमा पुगेको दूतावासले जनाएको छ ।

त्यहाँ अवैधरूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ्ग केन्द्रहरूमा उनीहरूलाई विभिन्न काममा लगाइएको थियो ।ती नेपालीहरूलाई नेपाली राजदूतावासले म्यान्मार तथा थाइल्यान्डका सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा म्यानमारको म्यावडीबाट उद्धार गरेको थियो ।

उनीहरूलाई थाइल्यान्डको टाक प्रान्तको अध्यागमन कार्यालय मेसोट हुँदै थाइल्यान्ड ल्याई आज ९कात्तिक १९ गते० नेपाल एयरलाइन्सको उडान नं । आरए ४०२ मार्फत नेपाल फर्काइएको हो ।

त्यसैगरी, म्यानमारमा रहेका थप ११ जना नेपालीहरूलाई यथासिघ्र नेपाल फर्काउने गरी म्यानमार तथा थाइल्यान्डका सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको दूतावासले जनाएको छ ।

नेपाली दूतावासका अनुसार म्यानमारको म्यावडीमा रहेका विभिन्न स्क्यामिङ्ग केन्द्रहरूबाट १९ अक्टोबर २०२५ पश्चात ३८ जना नेपालीहरू समेत विभिन्न २८ मुलुकका २००० भन्दा बढी विदेशीहरू थाइल्यान्ड प्रवेश गरेका थिए ।

ती नेपालीहरूलाई समेत नेपाल फर्काउनको लागि थाइल्यान्डको सम्बन्धित निकायसँग समन्वय भइरहेको दूतावासद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

'नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभले कम्वोडिया, लाओस, म्यानमार थाइल्यान्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ' नेपाली राजदूतावास बैंककले भनेको छ ।

# थबाङमा जोडियो विद्युतको केन्द्रीय प्रसारण लाइन



रुकुमपूर्व- १० वर्षे सशस्त्र जनयुद्धको आधारभूमि मानिने रोल्पाको थबाङमा पहिलोपटक नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइन जोडिएको छ ।

थबाङ गाउँपालिका-१ र २ का गल्चोर, मराङ्थाना र ठूलो गाउँमा विद्युत आपूर्तिको औपचारिक सुरुआत गरिएको हो ।

लुम्बिनी प्रदेशका सांसद दिपेन्द्रकुमार पुनले स्वीच थिचेर विद्युत प्रवाह सुरु गरेका हुन् । उनले रोल्पामा पछिल्लो दशकमा ३६ हजारभन्दा धेरै घरमा विद्युत पुगेको उल्लेख गर्दै २०६४ अघि १९ प्रतिशतमा सीमित विद्युत पहुँच अहिले ७५ प्रतिशत नाघेको बताए । उनका अनुसार, रोल्पाबाट अर्थमन्त्री हुँदा बजेट ल्याउन सजिलो भयो, त्यसकै परिणाम आज थबाङसम्म बिजुली पुगेको हो । रोल्पामा कुल एक अर्ब ४ करोड रुपैयाँ बराबरको बजेट विद्युत विस्तारमा खर्च भइसकेको छ । नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र रोल्पाका प्रमुख अशेश्वर शाहले वर्षौंको प्रयासपछि केन्द्रीय लाइन थबाङ पुर्‍याउन सफल भएको बताए । 'बत्ती बाल्नु मात्रै होइन, यो थबाङको आर्थिक रूपान्तरणको सुरुआत हो', उनले भने । बाँकी वडामा अर्को वर्ष लाइन विस्तार गर्ने तयारी प्राधिकरणले गरेको छ ।

# संसदीय बैठकमा पहिलो पटक पुगे अन्तरिम सरकारका मन्त्री




काठमाडौं- जेन-जी आन्दोलनले तत्कालीन सरकारलाई अपदस्थ गरेपछि मुलुकमा अहिले अन्तरिम सरकार छ । निर्वाचनको मुख्य लक्ष्यसहित गठन भएको यही सरकारका प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा विघटन भएपछि राष्ट्रिय सभामात्र क्रियाशील छ ।

सरकार गठनको दुई महिना पुग्न लाग्दा अन्तरिम सरकारका मन्त्री पहिलोपटक संसदीय बैठकमा उपस्थित भएका छन् । राष्ट्रिय सभा कार्यव्यवस्था परामर्श समितिको बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा सहभागी भएका हुन् ।

२३ र २४ भदौको जेनजी आन्दोलनपछि उत्पन्न जटिल अवस्थामा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए पनि प्रतिनिधिसभाबाट अर्को सरकार बन्ने अवस्था बनेन ।

त्यसैले कामचलाउ प्रधानमन्त्री ओलीकै सिफारिसमा राष्ट्रपतिले अन्तरिम सरकार निर्माणको प्रक्रिया अगाडि बढाएका थिए । त्यसक्रममा जेनजी अन्दोलनकारीको सिफारिसमा राष्ट्रपति कार्कीले २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरे ।

त्यसयता कार्कीको नेतृत्वको सरकार शुक्रबार पहिलोपटक संसदीय गतिविधिमा सरिक भएको हो यसअघि १३ कात्तिकमा राष्ट्रिय सभा अन्तर्गतको संसदीय समितिको बैठक बसेको थियो ।

जेनजी आन्दोलनको ५३ दिनपछि बसेको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा सांसदहरुले प्रधानमन्त्री, गृहमन्त्री र अर्थमन्त्रीलगायतलाई बोलाएर शान्तिसुरक्षा, चुनावको तयारी र अर्थतन्त्रबारे छलफल गर्न माग गरेका थिए ।

# एनआई सी एशियाको सञ्चालकमा दिवाकर भट्टराई नियुक्त



काठमाडौं- एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालकमा श्री दिवाकर भट्टराई नियुक्त एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक एन आई सी एशिया बैंक लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णय अनुसार श्री दिवाकर भट्टराईज्यूलाई संस्थापक समूहमा प्रतिनिधि सञ्चालक मनोनयन गरी पठाइएकोमा यस लघुवित्त वित्तीय संस्थाको मिति २०८२, ०७, १९ गते बसेको सञ्चालक समितिको बैठकलेवहाँलाई यस वित्तीय संस्थाको आगामी वार्षिक साधारण सभासम्मको लागि नियुक्त गरेको छ। उक्त पदमा यस अघि सञ्चालक श्री सुमन थपलियाज्यू संस्थापक समूहमा संस्थापक एन आई सी एशिया बैंक लिमिटेडको तर्फबाट प्रतिनिधित्व गर्दै आई रहनुभएका थिए । नव नियुक्त सञ्चालक श्री दिवाकर भट्टराईज्यूले संस्थाका अध्यक्ष श्री प्रकाश राज शर्माज्यूसमक्ष शपथ ग्रहण गरी आफ्नो पद बहाल गर्नु भएका छन् । बैंकिङ्ग क्षेत्रमा १६ वर्षको कार्यानुभव भएका श्री दिवाकर भट्टराईज्यू हाल एन आई सी एशिया बैंक लिमिटेडमा Chief Agriculture and Other Corporate Loans को रुपमा कार्यरत रहेका छन् ।

वहाँको कार्यानुभवबाट संस्थाले लिएको लक्ष्य हासिल गरी संस्थालाई लघुवित्त वित्तीय संस्थाहरु माझ अग्रणी, सबल तथा सशक्त लघुवित्त संस्थाको रुपमा स्थापित गराउन अझै थप सहयोग पुग्ने संस्थाको विश्वास रहेको छ ।

# महालक्ष्मी विकास बैंकका ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

काठमाडौं- "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३१ वर्षदेखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडलेस्वास्थ्य, होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ सिदार्थ हस्पिटालिटी लगायतका विभिन्न संस्थाहरुसँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका डेविट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ । हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्ड वाहकहरुले विभिन्न ट्राभल एजेन्सी मार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवात गरेको छ ।




यस अन्तर्गत आफुले खरिद गरेको टुर प्याकेजको मुल्य बराबरको रकमको भुक्तानी ६ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न समेत सक्नेछन् ।

# नेशनल लाईफ इन्स्योरेन्सको चेयरपर्सन क्लब कार्यक्रम सम्पन्न



काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले आफ्ना अभिकर्ताहरुका लागि इलाईट लिडर्स कन्क्लेभ भन्ने नाराका साथ ३ दिने "चेयरपर्सन क्लव, तालिम तथा सम्मान कार्यक्रम" ललितपुर स्थित होटल रोयल टुलिपमा सम्पन्न गरेको छ ।

आ.व. २०८१/२०८२ मा तोकिएको लक्ष्य पुरा गर्न सफल ५२६ जना अभिकर्ताहरुलाई कम्पनीका अध्यक्ष श्रीमती प्रेमा राज्यलक्ष्मी सिंहको समुपस्थितीमा चेयरपर्सन क्लबको सदस्यता वितरण तथा सम्मान प्रदान गर्ने एवं प्रशिक्षण प्रदान गर्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा उपस्थित अभिकर्ताहरुलाई जीवन बीमा व्यवसायमा थप हौसला प्रदान गर्दै अभिकर्ताहरुको व्यवसायिक दक्षता अभिवृद्धि गर्ने उदेश्यले चर्चित मोटिभेटर प्रशिक्षक एवं पूर्व बैंकर अनिल केशरी शाहले प्रशिक्षण प्रदान गर्नुभएको थियो । प्रशिक्षणको क्रममा वहाँले कुनैपनि क्षेत्रमा सफल हुनका लागि कुनै पनि क्षेत्र वा पेशामा नेतृत्व लिन सक्ने हैसियत बनाएमा आफ्नो पेशामा सफल हुन सक्ने बताउनु भयो ।

कार्यक्रममा उपस्थित अभिकर्ताहरुलाई सम्पत्ती शुद्धिकरण सम्वन्धी जानकारी दिने उद्देश्यले नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पर्न सक्ने नकरात्मक प्रभाव र सो रोकथामका लागि अवलम्वन गर्नुपर्ने उपायहरुका बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो । कम्पनीका अध्यक्ष श्रीमती प्रेमा राज्यलक्ष्मी सिंहको सभापतित्वमा सम्पन्न भएको चेयरपर्सन क्लब कार्यक्रममा अथक परिश्रम र मेहनतबाट तोकिएको लक्ष्य पुरा गरी सदस्यता प्राप्त गर्नु हुने सबैलाई बधाई ज्ञापन गर्नुहुँदै छनौट हुनु भएका सबै अभिकर्ताहरुलाई चेयरपर्सन क्लब सदस्यता वितरण र विभिन्न विधाहरुमा सर्वोत्कृष्ट घोषित हुनु भएका अभिकर्ताहरुलाई सम्मान प्रदान गर्नु भएको थियो। सो अवसरमा कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहको वृत्ति विकासलाई कम्पनीले सँधै प्राथमिकतामा राख्ने प्रतिवद्धत्ता प्रकट गर्नु भयो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले कम्पनीका सबै संरचनाहरु उत्कृष्ट रहेको, कम्पनीको बोनस दर आकर्षक रहेको जानकारी गराउनु हुँदै अभिकर्ता सञ्जाललाई अझ व्यवसायिक बनाउन यथाशक्य थप लगानी गर्दै जाने योजना अनुरुप अभिकर्ताहरुलाई थप व्यवसायिक बनाउन कम्पनी प्रयत्नशील रहेको बताउनु भयो ।

उक्त कार्यक्रममा चेयरपर्सन क्लबमा छनौट हुनु भएको सबै अभिकर्ताहरुलाई सदस्यता वितरण र विभिन्न विधामा सर्वोत्कृष्ठ घोषित हुनु भएका अभिकर्ताहरुलाई सम्मान प्रदान गर्नुका साथै सो समारोहमा नेपालभरबाट आफ्नो कोडको व्यवसाय र संजालको व्यवसायबाट अलग अलग उत्कृष्ट ७ जना अभिकर्ताहरुलाई सम्मानित गरिएको थियो भने नेपालभरबाट आफ्नो कोड र संजालमा सर्वोत्कृष्ट व्यवसाय गरी प्रथम, द्वितिय र तृत्तिय हुने अभिकर्ताहरु र समूहगत व्यवसायबाट प्रथम हुने १ जना गरी ७ जना लाई विशेष सम्मानको आयोजना गरी सम्मान पत्र लगाएत नगद पुरस्कारबाट सम्मानित गरिएको थियो । विविध मनोरञ्जनात्मक प्रस्तुती सहित सम्पन्न सो कार्यक्रममा सम्मानित बिजनेश लिडरहरुले कम्पनीका अध्यक्षबाट सम्मान ग्रहण गर्न पाउँदा आफूले गरेको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागेको बताउनु भएको थियो ।

# सिटीटेकको 'फिनपस मिनी' सार्वजनिक



काठमाडौं– सिटीटेक ग्रुप प्रा. लि. ले ललितपुरस्थित हेरिटेज गार्डेनमा सम्पन्न ल्ब्क-क्ष्त एक्स्पो २०२५ को अवसरमा नेपालकै सबैभन्दा पर्खाइ गरिएको सानो तथा सजिलो फिनपस मिनी (ष्लएइक :ष्लष) पस औपचारिक रूपमा सार्वजनिक गरेको छ ।

फिनपस मिनी एक क्रान्तिकारी डिजिटल भुक्तानी साधन हो, जसले व्यापारीहरूलाई कार्ड र क्युआर दुवै माध्यमबाट भुक्तानी स्वीकृत गर्ने सहजता प्रदान गर्छ । यस डिभाइसले भिसा (ख्क्कब), मास्टरकार्ड (:बकतभचअबचम), युपिआइ (गए क्ष), र नेपालपे (ल्भउबलएबथ) लगायतका कार्ड योजनाहरू तथा नेपालपे क्युआर, फोनपे र स्मार्टक्युआर जस्ता क्युआर योजनाहरूलाई समर्थन गर्दछ ।

साना आकारको, आकर्षक डिजाइन र प्रयोग गर्न सजिलो यो उपकरणले ग्राहक तथा व्यवसायी दुवैका लागि द्रुत, सहज र विश्वसनीय भुक्तानी अनुभव सुनिश्चित गर्छ । यसको सानो तर विशेष स्वरूपले डेलिभरी सेवा, यातायात व्यवसायी तथा साना-ठूला सबै प्रकारका व्यवसायीहरू का लागि डिजिटल भुक्तानीलाई अझै सुलभ बनाएको छ । कार्यक्रमको क्रममा ग्लोबल आइएमई बैंक, माछापुच्छे बैंक, नेपालइन्भेस्टमेन्ट मेगा बैंक र सिद्धार्थ बैंकले Letter of Intent हस्ताक्षर गरी फिनपस मिनी लाई आफ्ना भुक्तानी प्रणालीमा समावेश गर्ने इच्छाशक्ति प्रकट गरे । सिटीटेकको चर्चित ब्राण्ड 'फिनपस' हाल नेपालभरका १२ वटा बैंकहरूमा एइक सेवा प्रदान गर्दै १०, ००० भन्दा बढी व्यवसायीहरूलाई सेवा दिइरहेको छ । फिनपस मिनी को शुभारम्भले बैंकहरूका लागि अझ प्रतिस्पर्धी मूल्यमा एकीकृत र किफायती अक्वायरिङ समाधान प्रदान गर्ने नयाँ अध्याय सुरु गरेको छ । सिटीटेकका प्रमुख कार्यकारी आधिकृत श्री सजन शर्माले भन्नू भयो, "फिनपस मिनी केवल एउटा उत्पादन होइन, यो नेपालमा डिजिटल भुक्तानीलाई सबैको पहुँचमा पुऱ्याउने हाम्रो प्रतिबद्धताको प्रतीक हो । हामी देशका हरेक कुनामा रहेका व्यापारीहरूलाई सहज, सुरक्षित र सस्तो प्रविधिबाट डिजिटल भुक्तानीको अवसर दिन चाहन्छौं ।"

# नेपाल एसबिआई बैंक लिमिटेडको वेंकट वंसीधर कुंचा संचालक समितिको अध्यक्षमा चयन

काठमाडौं- नेपाल एसबिआई बैंक लिमिटेडको संचालक समितिको मिति २०८२/०७/१४ मा बसेको ५३६ औं बैठकले स्टेट बैंक अफ इण्डियालाई प्रतिनिधित्व गरी आउनुभएका संचालक वेंकट वंसीधर कुंचालाई बैंक संचालक समितीको अध्यक्षमा सर्वसम्मत्तीबाट चयन गरेको छ । (अध्यक्ष वेंकट वंसीधर कुंचा नेपाल राष्ट्र बैंकका गर्भनर प्रा.डा. विश्वनाथ पौडेलबाट पद तथा गोपनीयताको शपथ लिँदै) अध्यक्ष वेंकट वंसीधर कुंचा, एस.बी.आई. को मुम्बई स्थित प्रधान कार्यालयको अन्तर्राष्ट्रिय बैंकिङ्ग समूहमा मुख्य महाप्रबन्धकको पदमा कार्यरत हुनुहुन्छ । वहाँले एस.बी.आई. को २९ देशमा विस्तारित अन्तर्राष्ट्रिय व्यवसायसँग सम्बन्धित मामिला हेर्नुहुन्छ । नेपाल राष्ट्र बैंकका गर्भनर प्रा.डा. विश्वनाथ पौडेलले बैंकका नवनियुक्त संचालक समितीका अध्यक्ष वेंकट वंसीधर कुंचालाई नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारमा आज आयोजित एक समारोहबीच पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो । सपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनरद्वय डा. नीलम ढुङ्गाना तिम्सीना र बम बहादुर मिश्र, कार्यकारी निर्देशक गुरु प्रसाद पौडेल, का.मु. कार्यकारी निर्देशक राजन विक्रम थापा, निर्देशकहरु राजेन्द्र भट्टराई, ईश्वरी प्रसाद भट्टराई र शरण कुमार अधिकारी तथा नेपाल एसबिआई बैंकका संचालकहरु रितेश सिन्हा, भरत राज वस्ती, अप्सरा उप्रेती र डा. गोपाल प्रसाद भट्ट एवं बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत राम कुमार तिवारी, नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख संचालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेश कुमार पंडा तथा बैंकका कम्पनी सचिव खगेश्वर भट्ट लगायतको उपस्थिती रहेको थियो ।

# ग्लोबल आइएमई बैंक र नास-आईटीबिच अन्तरक्रिया कार्यक्रम

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले नेपाल एशोसियसन अफ सफ्टवेयर एन्ड आईटी सर्भिसेस (नास-आईटी) का सदस्यहरुसँग बैंकको कर्जा दायरा विस्तार, नवीन बैंकिङ्ग सेवा तथा व्यवसाय वृद्धिसम्बन्धी विषयहरुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा बैंकले कर्जाका प्रकार, प्रक्रिया र आवश्यकता, आईटी क्षेत्रको लागि बैंकको कर्जा योजनाहरु, बैंकिङ्ग सेवा, डिजिटल नविनतम बैंकिङ्ग सेवाहरु, बैंकिङ्ग विवरण सुरक्षित राख्ने उपायहरु लगायत विभिन्न विषयमा छलफल गरेको थियो ।

कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले विभिन्न पेसा तथा व्यवसायसँग आबद्ध समूह लक्षित गरी आफ्नो व्यवसाय विस्तारका लागि यस्ता अन्तरकृयात्मक कार्यक्रमहरु संचालन गरिरहेको जानकारी दिनुभयो ।

साथै, बैंकले आम नागरिकमा वित्तीय साक्षरता बढाउन मुलुकभर वित्तीय साक्षरताका कार्यक्रमहरु समेत संचालन गरिरहेको जानकारी दिनुभयो । बैंक र नास-आईटीबिचको पारस्परिक सम्बन्धलाई मध्यनजर गरी दुवै संस्थामा आवद्ध कर्मचारीहरुको ज्ञान, सीप र अनुभव विकास गर्ने कार्यक्रमहरु संचालन गर्ने योजना रहेको छ । ग्लोबल आइएमई बैंक नास-आईटीको नवस्थापित दिगो कोषलाई सहयोग गर्ने पहिलो दिगो साझेदार बनेको छ । ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १, ००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# ए डिभिजन लिग माग गर्दै राष्ट्रिय फुटबल खेलाडी सडकमा

काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा) र ए डिभिजन क्लबहरूबीच यो वर्ष ए डिभिजन लिग नगरी राष्ट्रिय लिग मात्र गर्ने सहमति भएसँगै राष्ट्रिय फुटबल खेलाडी विरोधमा उत्रिएका छन् ।

यसअघि सामाजिक सञ्जालमा असन्तुष्टि व्यक्त गर्दै विरोध गरेका खेलाडीहरू अब सडमा उत्रने भएका छन् । नेपाल फुटबल खेलाडी संघको आह्वानमा बिहीबार खेलाडीले सातदोबाटोस्थित एन्फा मुख्यालय बाहिर धर्ना दिने भएका हुन् । खेलाडी संघको भनाइ छ, हामी नेपाल फुटबल खेलाडी संघले पछिल्लो २ वर्षयता लगातार नेपाली फुटबलको मेरुदण्ड मानिने शहिद स्मारक ए डिभिजन लिग आयोजना गर्न नेपाली फुटबलको सर्वोच्च संस्था अखिल नेपाल फुटबल संघ




(एन्फा) सँग चरणवद्ध रुपमा विभिन्न स्तरमा प्रयास गर्दै आएका थियौं ।

तर हाम्रो शालीनतालाई बेवास्ता गरेर एन्फाले पुन, एकपटक लिग स्थगन गर्ने निर्णय गरेपछि हामी खेल्न पाउने आफ्नो आधारभूत हकका लागि सडकमा आउन बाध्य भएका छौं । खेलाडी भएपछि हामीले सधैं मैदानमा नै व्यस्त हुनुपर्छ भन्ने मान्यता राख्छौं, तर पटक पटकको हाम्रो प्रयासलाई बेवास्ता गरिएपछि हामीसँग सडकमा आउनुको विकल्प नरहेको महसुस गरेका छौं ।यसै अनुसार हामी नेपाल फुटबल खेलाडी संघले कार्तिक २० गते विहान ११ बजे सातदोबाटोस्थित एन्फा मुख्यालयबाहिर धर्ना कार्यक्रम आयोजना गर्दैछौं । यसअघि सोमबार एन्फा सचिवालय र १४ क्लबका प्रतिनिधि बसेर अर्को वर्षदेखि मात्र होम एन्ड अवेको आधारमा ए डिभिजन गर्ने सहमति गरेका थिए । यो वर्ष भने तीन वर्षअघि भएको ए डिभिजन लिगका शीर्ष ६ टोली र आजदेखि हेटौडामा सुरु एन्फा प्रेसिटेन्ड लिगको सेमिफाइनलमा पुग्ने चार टोली गरी १० टोलीबीच राष्ट्रिय लिग गराउने सहमति भएको थियो । राष्ट्रिय लिगमा गत संस्करणको च्याम्पियन चर्च ब्वाइजसँगै, मछिन्द्र फुटबल क्लब, नेपाल पुलिस क्लब, सातदोबाटो युथ क्लब, जावलाखेल युथ क्लब र न्युरोड टिमले प्रतिस्पर्धा गर्नेछन् । बाँकी ८ ए डिभिजन क्लबको भने प्रतिनिधित्व हुनेछैन । राष्ट्रिय लिगमा रेलिगेसन व्यवस्था नहुने भएको हुँदा पनि लिगको रौनकतामा कमि आउने भन्दै कतिपयले विरोध गरेका छन् ।

## खेलकुद

# झापा महिला गोल्डकपको उपाधि पुलिसलाई

झापा– शिवसताक्षीस्थित दूधे रंगशालामा सम्पन्न एलभिडी झापा महिला गोल्डकपको उपाधि नेपाल पुलिस क्लबले उचालेको छ ।

सोमबार सम्पन्न फाइनलमा पुलिसले विभागीय प्रतिद्वन्द्वी एपीएफ फुटबल क्लबलाई १-० ले पराजित गर्दै उपाधि उचालेको हो । खेलको सुरुवातमै दुवै टोली आक्रमक लयमा मैदान उत्रिएका थिए । खेलको तेस्रो मिनेटमा पुलिसकी पूजा रानाले पेनाल्टी बक्स बाहिरबाट दिएको सटिक क्रसमा मिना देउवाले पेनाल्टी एरियाबाट गरेको प्रहार एपिएफकी गोलकिपर अञ्जना राना मगरले बचाइन् । पाँचौं मिनेटमा एपीएफले पनि गोलको अवसर बनाएको थियो । तर, कप्तान अनिता बस्नेतको क्रसमा निशा थोकरले गरेको प्रहार पोस्टमाथि जान पुग्यो । २० औं मिनेटमा पुलिसकी रेखा पौडेलले एपीएफका दुई डिफेन्डरलाई बिट गर्दै गरेको सट अञ्जनाले बचाइन् । तर, २२ औं मिनेटमा पुलिसले खेलमा अग्रता बनायो । रेखाले पेनाल्टी बक्सभित्र गरेको सट डिफेन्डरमा लाग्दै फर्किएको बल पेनाल्टी एरियामा




अनमार्क रहेकी मिना देउवाको सामु पुग्यो । मिनाले गोलकिपरलाई कुनै मौका नदिई बल जालीभित्र पठाउँदै पुलिसलाई १-० को अग्रता दिलाइन् । ३३ औं मिनेटमा एपीएफकी कप्तान अनिताले बराबरीको सुनौलो मौका गुमाइन् । अनिता केसीले दिएको भलि क्रसमा उनले नजिकैबाट गरेको सट पोस्टको दिशा समात्न सकिनन् । त्यसपछि ३८ औं मिनेटमा सविता रानालाई लडाइएपछि एपिएफले फ्रिकिक पायो । तर कप्तान अनिता बस्नेतको सट पुलिसकी गोलकिपर उषा नाथले बचाइन् । पहिलो हाफको अन्तिम मिनेटमा रेखा पौडेलको सट पोस्टको छेउबाट बाहिरियो । मिना देउवाले सेन्टर एरियाबाट तीन खेलाडीलाई बिट गर्दै रेखालाई पास दिएकी थिइन् ।

# जेनजी आन्दोलनयता ४ दल दर्ता, प्रक्रियामा २८ पार्टी

काठमाडौं- जेनजी आन्दोलनयता निर्वाचन आयोगमा चार वटा दल दर्ता भएका छन् ।

सोमबार गतिशील लोकतान्त्रिक पार्टीले निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाएको छ । यो सँगै २३ र २४ भदौ यता दल दर्ताको निवेदन दिएर आधिकारिता पाउने दलको संख्या चार पुगेको हो ।

दिनेश प्रसाईं अध्यक्ष र पियुषप्रसाद कायस्थ महासचिव रहेको गतिशील लोकतान्त्रिक पार्टीले गत ३० असोजमा दल दर्ताका लागि निवेदन दिएको थियो । सोमबार दर्ता प्रक्रिया पूरा गरेर आधिकारिता पाएको हो ।

यो पार्टीको चुनाव चिह्न दिपज्योति रहेको छ ।

यसअघि हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले आधिकारिकता पाएको थियो । यो पार्टीका अध्यक्ष साम्पाङ धरानका मेयर हुन् ।

साम्पाङले १२ असोजमा दल दर्ताको निवेदन दिएका थिए । १६ कात्तिकमा दल दर्ताको प्रमाणपत्र पाए । श्रम संस्कृति पार्टीको चुनाव चिह्न माटो राखिएको छ ।

निर्वाचन आयोगका अनुसार राष्ट्रिय जनमुक्ति पार्टी र जनस्वराज पार्टी पनि दर्ता भएका छन् । केशव बहादुर थापा मगर अध्यक्ष रहेको राष्ट्रिय जनमुक्ति पार्टीले २४ असोजमा दल दर्ताको प्रमाणपत्र पाएको हो । दीपक कुमार साह नेतृत्वको जनस्वराज पार्टी २८ असोजमा दर्ता भएको हो ।

अरू दलहरू पनि दल दर्ताको प्रक्रियामा छन् । आयोगका अनुसार जेनजी आन्दोलनपछि दल दर्ताका पुगेका १९ वटा दल दर्ताको प्रक्रियामा छ । जेनजी आन्दोलन अगाडि नै दर्ता प्रक्रियामा सहभागी भएका ९ दलले पनि आधिकारिता पाउन सकेका छैनन् । यसरी २८ वटा पार्टी दल दर्ता प्रक्रियामा रहेका हुन् ।

ज्ञान बहादुर तामाङको नेतृत्वमा उज्यालो नेपाल पार्टी दर्ता प्रक्रियामा छ । यो पार्टीको चुनाव चिह्न बलेको चीम छ ।

बाँसुरी चुनाव चिह्न राखेर अजय कुमार राईले राष्ट्रिय परिवर्तन पार्टी नामक दल दर्ताको निवेदन दिएका छन् ।

गोपीलाल न्यौपानेको नेतृत्वमा नेपाल लिबरल पार्टी दर्ताका लागि पुगेको छ । यो पार्टीको चुनाव चिह्न सिक्का प्रस्तावित छ ।

हिरा प्रसाद सेतीले क्रस खुकुरी चुनाव चिह्न राखेर राष्ट्रिय जेनजी पार्टी नेपाल नामक दल दर्ताको निवेदन दिएका छन् ।

नेत्रविक्रम चन्द विप्लव कम्युनिस्ट पार्टी नेपाल नामक दल दर्ताका लागि निर्वाचन आयोग पुगेका छन् । कविर सोपको नेतृत्वमा जनयुग पार्टी नामक दल दर्ताको निवेदन प्रक्रियामा छ ।

अभियन्ता खगेन्द्र सुनारले हाम्रो नेपाल पार्टी नामक दल दर्ताको निवेदन दिएका छन् । यो पार्टीको प्रस्तावित चुनाव चिह्न गोलो घेराभित्र राम्रो जनाउने लाइक चिह्न रहेको छ ।

हिमालय बहादुर चन्द नेपाल राष्ट्रिय युवा पार्टी नामक दल दर्ताको निवेदन लिएर निर्वाचन आयोग पुगेका छन् । उनले पार्टीको चुनाव चिह्न गोलो घडीभित्र कलमको लेख्ने टुप्पो सुइको रूपमा रहने प्रस्ताव गरेका छन् ।

चापाकल चुनाव चिह्न प्रस्ताव गरेर योगेन्द्र मण्डल राष्ट्रिय ऊर्जाशील पार्टी नामक दल दर्ताको निवेदन लिएर निर्वाचन आयोग पुगेका छन् ।

चन्द्रप्रकाश सुवेदी नेतृत्वमा सुन्दर नेपाल निर्माण पार्टी, सविन सिग्देलको नेतृत्वमा राष्ट्र निर्माण पार्टी, रत्न प्रसाद श्रेष्ठको नेतृत्वमा नागरिक सर्वोच्चता पार्टी नेपाल नामक दल दर्ताको निवेदन प्रक्रियामा छ ।

सुन्दर नेपाल निर्माण पार्टीको चुनाव चिह्न फलेको केराको बोट प्रस्तावित छ । राष्ट्र निर्माण पाटीको चुनाव चिह्न तीन पात, नागरिक सर्वोच्चता पार्टी नेपालको चुनाव चिह्न मुठ्ठीमा धानको बाला रहेको छ । रियाज अहमद शेषले राष्ट्रिय स्वराज पार्टी नामक दल दर्ताको निवेदन दिएका छन् । उनले चुनाव चिह्न




मुठ्ठी वा डोजर प्रस्ताव गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (वामपन्थी केन्द्र), आवाज पार्टी, सार्वभौम नागरिक पार्टी, नागरिक बचाउ दल र राष्ट्र निर्माण दल नेपाल पनि दर्ता प्रक्रियामा रहेका छन् । तर, यी मध्ये कतिपय दलले आवश्यक कागजात निर्वाचन आयोगमा पुर्‍याएका छैनन् ।

नेपाल कम्युनिस्ट पार्टी (वामपन्थी केन्द्र) को नेतृत्वमा राजकुमार कक्षपति छन् । आवाज पार्टीको अध्यक्षमा सुन्दर राम बोहरा छन् । आवाज पार्टीले चुनाव चिह्न सुनिरहेको कान मागेको छ ।

नागरिक बचाउ दलको नेतृत्वमा माधवप्रसाद खतिवडा र राष्ट्र निर्माण दलको नेतृत्वमा अकबर खान रहेका छन् ।

सार्वभौम नागरिक पार्टीको अध्यक्षमा गणेशकुमार मण्डल छन् । उनले पार्टीको चुनाव चिह्न चौबिस कोण भएको चक्र प्रस्ताव गरेका छन् । कानुनन: दल दर्ताको निवेदन प्राप्त भएको ४५ दिनभित्र आयोगले निर्णय दिनुपर्ने हुन्छ । तर, आवश्यक कागजात पुगेको अवस्थामा छिटै पनि दल दर्ताको प्रमाणपत्र दिन सकिने र दिँदै आएको आयोगका अधिकारीहरू बताउँछन् । सनाखत लगायतका प्रक्रिया पुरा भएपछि दल दर्ताको प्रमाणपत्र दिँदै आएको छ ।

निर्वाचन आयोगबाट स्वीकृत कार्यतालिका अनुसार निर्वाचनमा भाग लिन चाहने दलले यही कात्तिक ३० गते अगावै राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नु पर्ने हुन्छ ।

त्यसपछि मंसिर १ गतेदेखि १० गतेसम्म निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ताको कार्यक्रम रहेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ ।

फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुने र तत्पश्चात् प्रचारप्रसार निषेधको अवधि रहनेछ । फागुन २१ गते विहान ७ बजेदेखि वेलुका ५ वजेसम्म मतदान हुने र दुवै निर्वाचन प्रणालीतर्फको मतपेटिका संकलन भएपछि मतगणना प्रारम्भ गरिने कार्यक्रम छ ।

समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पुष १८ र १९ गते बन्दसूची पेश गर्ने कार्यक्रम रहेको छ ।

कार्यतालिका अनुसार निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय मंसिर १ गतेदेखि १० गतेसम्म रहेका छ । यसकारण नयाँ दर्ता हुन चाहने दलले कात्तिक ३० गतेसम्म दल दर्ताको प्रमाणपत्र लिइसकेर निर्वाचन प्रयोजनका लागि फेरि मंसिर १ गतेदेखि १० गतेसम्म दल दर्ता गर्नपर्ने हुन्छ ।

# कार्यवाहक सभापति खड्काको ३ बुँदे प्रतिबद्धता, खुल्यो कांग्रेस मुख्यालयको गेटको ताला

काठमाडौं- नेपाली कांग्रेस केन्द्रीय कार्यालयको मूल गेटमा लगाइएको ताला खुलेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काले तीन बुँदे प्रतिबद्धता जनाएपछि गेटमा लगाइएको ताला खोलिएको हो ।

ताला लगाउने कार्यको नेतृत्व गरेका युवा नेता शिव रिमालले जानकारी दिए । नेता रिमालका अनुसार कार्यवाहक सभापति खड्काले निम्न तीन प्रतिबद्धता जनाएका छन्

१, १५ औं महाधिवेशनको मिति



तोक्ने, नेपाली कांग्रेसको चालू केन्द्रीय समितिको बैठकले पार्टीको १५ औं महाधिवेशनको मिति तोक्ने ।

२, क्रियाशील सदस्यताको विवरण सार्वजनिक, विगत चार वर्षभित्र क्रियाशील सदस्यता नवीकरणको प्रगति विवरण सार्वजनिक गरी नेपाली कांग्रेसको वेबसाइटमा राख्ने ।


३, युवाको माग सम्बोधन, ४० वर्ष मुनिका ४० प्रतिशत युवा सहभागिताको माग सुनिश्चितताका लागि केन्द्रीय समितिको विधानमा परिमार्जन आवश्यक भएकोले बृहत्तर नेपाली कांग्रेस पार्टीको विधानमा छलफल गरी माग सम्बोधन गर्न प्रतिबद्धता जनाउने ।

# संस्कृत विश्वविद्यालय सेवा आयोगको अध्यक्षमा भागवतप्रसाद शर्मा नियुक्त

काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीले नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको अध्यक्ष पदमा प्राध्यापक डा. भागवतप्रसाद शर्मालाई नियुक्त गरेकी छन् ।

प्रधानमन्त्री कार्कीले नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ को दफा ९ 'क' को उपदफा (२) अनुसार दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका-१८ का प्राध्यापक शर्मालाई सेवा आयोगको अध्यक्ष पदमा तीन वर्षका लागि नियुक्त गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्राध्यापक शर्माले यसअघि विश्वविद्यालयको शिक्षाध्यक्ष रही कार्यसम्पादन गरेका थिए । त्यसैगरी प्रधानमन्त्री कार्कीले विश्वविद्यालयको



सोही नियम अनुसार सेवा आयोगको सदस्य पदमा फुङलिङ-३ ताप्लेजुङका प्राध्यापक डा. रमेश घिमिरेलाई नियुक्त गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १६,
२०८२ साल कार्तिक २५ गते मंगलबार
11 NOVEMBER 2025, TUESDAY

# नेपाल एआई प्रविधि युगमा प्रवेश: सञ्चारमन्त्री खरेल



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपालमा प्रविधि, सञ्चार र चलचित्र क्षेत्रको समग्र विकासका लागि विभिन्न पहल अघि बढाएका छन् ।

सोमबार उनले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा स्थापना गरिएको राष्ट्रिय एआई केन्द्रको उद्घाटन गर्दै नेपाल एआई प्रविधिमा नयाँ युगमा प्रवेश गरेको घोषणा गरे ।

मन्त्री खरेलका अनुसार मन्त्रालयको सानो कोठाबाट सुरु गरिएको यो केन्द्रले भविष्यमा नेपाललाई डिजिटल रूपान्तरणतर्फ अघि बढाउनेछ । उनले एआई काउन्सिल गठन र एआई नीति तयार भइसकेको अवस्थामा नेपालले अब सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सृजना र सेवा वितरण सुधारमा एआई प्रविधिको प्रभावकारी प्रयोग गर्ने बताए ।

"जनेजी आन्दोलनका क्रममा उठाइएका सुशासन र पारदर्शिताका मागहरू पूरा गर्न एआई प्रविधि हाम्रो सारथी बन्नेछ, " मन्त्री खरेलले भने ।

यस्तै, सोमबार नै चलचित्र विकास बोर्डको पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै मन्त्री खरेलले चलचित्र क्षेत्रलाई समाज रूपान्तरणको सशक्त माध्यमका रूपमा व्याख्या गरे । उनले चलचित्रकर्मीहरूले समाज र देशको यथार्थ उजागर गर्न खेलेको भूमिका अविस्मरणीय रहेको बताए । उनले चलचित्र क्षेत्रको दिगो विकासका लागि आवश्यक कार्ययोजना तयार पार्न चलचित्र विकास बोर्डलाई आग्रह गर्दै भने, "मेरो कार्यकालमा चलचित्र क्षेत्रको हितका लागि गर्नँपर्ने कार्यहरू स्पष्ट रूपमा लेखेर ल्याउनुस्, म पूरा गर्न तयार छु ।"

साथै, उनले चलचित्र क्षेत्रलाई गैरराजनीतिक र पेशागत बनाउनु आवश्यक रहेको पनि जोड दिए ।

यसैबीच, मन्त्री खरेलले हालै गंगबुस्थित नयाँ बसपार्कमा स्थापना गरिएको निःशुल्क इन्टरनेट (फ्रि-वाईफाई) सेवाको अवलोकन गरेका छन् ।

मन्त्री नियुक्त भएको पाँच महिनाभित्र देशका प्रमुख १० शहरका सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेट उपलब्ध गराउने निर्णयअनुसार काठमाडौंका साथै अन्य शहरहरूमा पनि सेवा विस्तारको तयारी भइरहेको उनको सचिवालयले जनाएको छ । एआई प्रविधिको विकास, चलचित्र क्षेत्रको नीतिगत सुधार र सर्वसाधारणका लागि डिजिटल पहुँच विस्तारजस्ता कार्यक्रमसहित सञ्चारमन्त्री खरेलले देशलाई डिजिटल, पारदर्शी र सिर्जनशील नेपाल बनाउन लागिपरेको संकेत दिएका छन् ।

## अन्तराष्ट्रिय

## नयाँ दिल्लीमा बम विस्फोट, कम्तीमा आठ जनाको मृत्यु




**काठमाडौं–** नयाँ दिल्लीको लाल किल्ला मेट्रो स्टेसनको गेट नम्बर १ र ४ मा सोमबार राति भएको बम विस्फोटमा परी कम्तीमा आठ जनाको मृत्यु भएको छ ।

अहिलेसम्म विस्फोटको कारण खुल्न सकेको छैन । विस्फोटमा १२ जना घाइते भएका छन् ।


लाल किल्ला नजिक रहेको कारमा विस्फोट भएको थियो । जसकारण आसपास रहेका अन्य गाडीमासमेत क्षति पुगेको छ । साँझ ७ बजे विस्फोटको खबर आएको दिल्ली अग्नि नियन्त्रक विभागले जनाएको छ । घटनापछि विस्फोट क्षेत्रलाई घेरेर सुरक्षाकर्मीले अनुसन्धान सुरु गरेका छन् । विस्फोट भएको र क्षति पुगेका क्षेत्रमा दिल्ली प्रहरीको स्पेसल सेल तैनाथ छ ।

प्रत्यक्षदर्शीले यति शक्तिशाली आवाज जीवनमा कहिल्यै नसुनेको प्रतिक्रिया दिएका छन् । 'मैले विस्फोटको आवाज तीनपटक सुनेँ । मलाई लागेको थियो, म बाँच्नेवाला छैन,' नजिकैका एक पसलेले भारतीय सञ्चारमाध्यम हिन्दुस्तान टाइम्ससँग भनेका छन् । घटनालगत्तै मानव शरीरका अंगहरु सडकमा देखेको अर्का एक प्रत्यक्षदर्शीले बताए । 'सडकमा शरीरका अंग छरिएको देख्यौं । के भयो भनेर केही सोच्नै सकिएन,' हिन्दुस्तान टाइमसँग उनले भनेका छन्, 'धेरै कारहरु पनि क्षतिग्रस्त थिए ।'

भारतको सेन्ट्रल रिजर्भ पुलिस फोर्सका डीआईजी किशोर प्रसादले यस विषयमा अहिल्यै कुनै टिप्पणी गर्न नसकिने बताए । 'म भर्खरै मात्रै घटनास्थल पुग्दैछु । यसबारे अहिल्यै टिप्पणी गर्नु हतारो मात्रै हुनेछ,' उनले भने ।

दिल्लीस्थित नेपाली राजदूतावासका नियोग उपप्रमुख सुरेन्द्र थापाले विस्फोटमा नेपाली नागरिक नपरेको बताएका छन् । उनले भने,'हामी दिल्ली प्रहरीसँग नियमित सम्पर्कमै छौं । अहिलेसम्म नेपाली नागरिक परेको खबर आएको छैन ।'

# बाहिनीपतिको नेतृत्वमा पहिलोपटक दोलखामा रहेको नेपाल–चीन सीमास्तम्भ अवलोकन




**काभ्रेपलाञ्चोक–** सशस्त्र प्रहरी बल नेपालको बाहिनीपतिको नेतृत्वमा पहिलोपटक नेपाल र चिनको सिमा सुरक्षामा राखिएको दोलखाको विगुमा रहेको सीमास्तम्भको अवलोकन र निरीक्षण भएको छ ।

बागमती प्रदेश प्रमुख सशस्त्र प्रहरी बलका प्रहरी नायब महानिरीक्षक (डिआइजी) अन्जनी कुमार पोखरेलको नेतृत्वमा उच्चस्तरीय टोलीले गत शनिवार दोलखाको विगु गाउँपालिका-१ मा रहेको पिल्लर नम्बर ५५ र ५६ को अवलोकन गरेको हो ।

५७ नंको पिलर अलि हाईटमा भएको र हिउँकारण त्यस पिलरमा पुग्न नसकिएकोले त्य पिलरका बारेमा जानकारी लिइएको थियो ।

सीमास्तम्भको निरीक्षणमा पुगेका डीआईजी पोखरेलले नेपाल-चिन सीमा सुरक्षा सुदृढीकरणमा नयाँ पहल भएको बताए । पिलर सुरक्षाको हिसाबमा बाहिनीपतिको नेतृत्वमा पहिलोपटक सिमा स्तम्भ निरीक्षणको लागि त्यस स्थानमा पुगेको बताए । 'लाप्ची लगायतका स्थानमा 'फरवार्ड अपरेटिङ बेस' स्थापनाको सम्भाव्यता तथा सिमा स्तम्भको सुरक्षाको निरीक्षणमा पुग्यौं । दोलखाको लामाबगरबाट ७-८ घण्टा हिँडेर ५५ र ५६ नंको पिलर अवलोकन गर्यौं,' डीआईजी पोखरेलले भने ।

सीमाक्षेत्र सुरक्षाको अवस्था बुझ्न डीआईजी पोखरेल सहित विगु गाउँपालिका अध्यक्ष सन्जिव ओली, सशस्त्र प्रहरी बल दोलखाका प्रमुख डीएसपी सन्जय अधिकारी, दोलखा उद्योग वाणिज्य संघका महासचिव सुरेश उप्रेती, समाजसेवी कर्मा शेर्पा, डिलाइट सेक्युरिटीका संचालक अर्जुन बुढाथोकीलगायत सहभागी भएका थिए । भ्रमण टोलीले सीमाक्षेत्रमा सुरक्षासम्बन्धी चासो र अवस्थाबारे जानकारी लिँदै आवश्यक समन्वय र सुरक्षालाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको थियो । स्थानीय प्रतिनिधिहरूका अनुसार, सीमास्तम्भ क्षेत्रको भौगोलिक अवस्था र सुरक्षाको व्यवस्थापनबारे टोलीले प्रत्यक्ष अवलोकन गरी आवश्यक सुझावसमेत दिएको छ ।

यस अघि सशस्त्र प्रहरी नेपाल ३ नं गदीमाई बाहिनी मुख्यालय मकवानपुरको आयोजनामा चिनसँग जोडिएका स्थानका सिमा सुरक्षा, सिमा क्षेत्रमा अवैध गतिविधिहरु नियन्त्रणको लागि चनको सीमासँग जोडिएका सिन्धुपाल्चोकका स्थानीय तहका जनप्रतिनिधिहरुसँग अन्तरक्रिया गरेको थियो । सशस्त्र प्रहरी नेपाल ३ नं गदीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) अन्जनीकुमार पोखरेलले सीमा क्षेत्रमा हुने अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने कार्यमा सरोकारवाला निकाय, स्थानीय जनप्रतिनिधि तथा स्थानीय वासिन्दाहरूको समेत सहयोग, समन्वय र सहकार्यले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरुले सीमामा सशस्त्र प्रहरीको उपस्थितिका कारण शान्ति सुरक्षाको प्रत्याभूती भएको, सीमाबासीसंग सशस्त्र प्रहरी कार्यक्रमले सिमाक्षेत्रका विभिन्न समस्या समाधानमा थप सहकार्य र समन्वयको वाताबरण बनेकोले सिमामा असुरक्षाको स्थिती नरहेको बताएका थिए । चिनसँगको सिमानाको भूगोल खोला र डाँडा भएको कारण सिमामा समस्या नभएको भोटेकोशी गाउँपालिका वडा नं ४ का अध्यक्ष टासी शेर्पाले जानकारी दिए । चिनसँगको सिमानामा जोडिएको जुगल गाउँपालिकाकामा भने हिमाली क्षेत्र पर्ने भएकोले सिमा स्तम्भ छैन ।

**रास्वपा रिफर्मेसन...**

ऊर्जा थप्ने उनको विश्वास छ । कार्कीले वर्तमान कार्यकारी नेतृत्व (पदाधिकारी तथा सचिवालय) भङ्ग गरी केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गर्नँपर्ने, समितिमा जेनजी, वैकल्पिक शक्तिहरू र बौद्धिक वर्गको प्रतिनिधित्व हुनुपर्ने पनि बताएकी छन् ।

'महाधिवेशन आयोजक समिति घोषणापछि पनि केन्द्रीय सचिवालय र पदाधिकारी रहिरहनु र सचिवालय विस्तार समेत गरिनुको आधार स्पष्ट नभएको मेरो बुझाइ छ,' उनले भनेकी छन्, 'महाधिवेशनका लागि सकारात्मक वातावरण निर्माण गर्न पार्टीको मौजुदा कार्यकारी नेतृत्व (पदाधिकारी तथा सचिवालय) भङ्ग गरी केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गर्नँ पर्दछ ।'

कार्कीले देशको वर्तमान र भविष्यलाई साँच्चिकै नेतृत्व गर्न सक्ने राजनीतिक शक्ति निर्माण गर्नँ आजको अपरिहार्य आवश्यकता भएको भन्दै यसका लागि राष्ट्रिय स्वतन्त्र पार्टीको पनि रूपान्तरण आवश्यक रहेकोमा जोड दिएकी छन् । 'पार्टीको नेतृत्व, सिद्धान्त, नीति, कार्यक्रम आदि सबै आयामको पुनरावलोकन, पुनःमूल्यांकन र पुनर्संरचना गरेर आजको समयले खोजेको मध्यमार्गी राजनैतिक शक्ति निर्माणको लागि अहिले नै उपयुक्त समय हो', कार्कीको मार्गचित्रमा भनिएको छ ।

बैठकमा कार्कीसहित पाँच जना सदस्यले सुझावसहितको प्रतिवेदन पेस गरेका थिए । केन्द्रीय सङ्गठन विभागका सचिव शंकर श्रेष्ठले सबैभन्दा लामो २० पृष्ठको सुझावसहितको प्रतिवेदन दर्ता गराएका छन् । यस्तै, केन्द्रीय सदस्यहरू डा । बुद्धि शर्मा र मधु अर्यालले तीन-तीन पृष्ठको दस्तावेजसहितको प्रस्ताव दर्ता गराएका छन् ।

**कम्प्युटर विषय अनिवार्य**

अनिवार्य गर्ने निर्णय गरेको हो । मन्त्री पुनले विद्यालय तहबाटै बालबालिकालाई सूचना तथा प्रविधिसँग जोड्ने उद्देश्यले यो कदम चालिएको बताए । उनको निर्देशनपछि पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ संशोधन गरी कम्प्युटर विषयलाई अनिवार्य बनाउने प्रक्रिया अघि बढाएको छ ।

केन्द्रका महानिर्देशक युवराज पौडेलका अनुसार माध्यमिक तहमा कम्प्युटर शिक्षा कार्यान्वयनका लागि अवधारणापत्र तयार पारिएको र विषयवस्तु निर्धारणका विषयमा विज्ञहरूसँग छलफल भइरहेको छ ।

"मन्त्रीज्यूको निर्देशनअनुसार कम्प्युटर विषय अनिवार्य गराउने र त्यसको पाठ्यक्रम कसरी तयार गर्ने भन्ने विषयमा गम्भीर छलफल भइरहेको छ, " पौडेलले बताए ।

यससँगै, मन्त्री पुनले निजी विद्यालयहरूलाई पनि कम्तीमा १० प्रतिशत विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउन निर्देशन दिएका छन् ।

उनका अनुसार संस्थागत विद्यालयले आफ्ना कुल विद्यार्थी संख्याको दश प्रतिशत विपन्न, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने कानूनी व्यवस्था भए पनि धेरै विद्यालयहरूले यसलाई कार्यान्वयन नगरेको पाइएकाले पुनले तत्काल लागू गर्न निर्देशन दिएका हुन् । मन्त्री पुनले देशभरका निजी विद्यालयहरूले छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको नामावली शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमी भक्तपुरमा पेस गर्न आदेश दिँदै भने, "कुनै विद्यालयले यो नियम पालना नगरेको खण्डमा कानुनबमोजिम कारबाही हुनेछ ।"

यी दुवै पहल – विद्यालय तहमा प्रविधिमैत्री शिक्षा प्रणाली र शैक्षिक समानताका लागि छात्रवृत्ति – मन्त्री पुनको "गुणस्तरीय र समावेशी शिक्षा" दृष्टिकोणलाई मूर्त रूप दिने सरकारका प्राथमिक कदमका रूपमा हेरिएको छ ।

**जय बागेश्वरीं...**

रुपमा अगाडि बढाएका छौं ।' यो मन्दिर हराएकै १ सय वर्षभन्दा धेरै भएको थियो । वडाध्यक्ष एवं सम्पदा तथा पर्यटन समितिका संयोजक संगतका अनुसार १९९० साल अघि नै मन्दिर भग्नावशेष भएको थियो । यसपछि झाडी मात्र थियो । पुरातत्व विभागको सहयोगमा मन्दिर भएको ठाउँमा उत्खनन गरेपछि यसको प्राचीनताको अध्ययन गरिएको थियो । संगत भन्छन्, 'अध्ययनबाट मन्दिर छैटौं शताव्दीदेखि सातौं शताव्दीको बीचमा निर्माण भएको अनुमान गरिएको छ ।

मन्दिरको वनावट र प्रकृति सम्बन्धी दस्तावेज नपाइएपछि जगको आकृति, प्रयोग भएको निर्माण सामग्रीका आधारमा पुरातत्वविदहरुबाट मन्दिरको रेखाङ्कन गराएर पुन, निर्माण गरिएको हो ।'

**ईपीएस शाखा...**

सन् २००८ देखि दक्षिण कोरियाले ईपीएस प्रणालीमा अदक्ष नेपाली कामदार लैजान थालेको थियो । हाल कोरियामा एक लाख हारहारीमा नेपालीहरू कार्यरत रहेका छन् ।



# उपेन्द्र सुब्बालाई प्रश्नः ‘जारी’को ब्याज खान सिक्वेल बनाएको हो ?

**काठमाडौं–** २०७९ सालमा प्रदर्शन भएको फिल्म ‘जारी’ले ठूलो व्यावसायिक सफलता हासिल गरेपछि यसका निर्देशक तथा लेखक उपेन्द्र सुब्बाले धेरै अन्तर्वार्तामा स्पष्ट रूपमा सिक्वेल नबनाउने उद्घोष गरेका थिए । तर, उनी आफ्नो अडानमा टिक्न सकेनन् । अन्ततः तीन वर्षपछि उनी ‘जारी’को सिक्वेल लिएर आउँदैछन्, जुन भोलि शुक्रबार (२१ कात्तिक)बाट प्रदर्शन हुँदैछ ।

आफ्नो अडानबाट पछि हटेर ‘जारी २’ बनाएपछि यतिबेला उपेन्द्रमाथि प्रश्न उठिरहेको छ, ‘के ‘जारी’को ब्याज खान सिक्वेल बनाएको हो ?’ यसै साता पत्रकारसँगको एक भेटमा उनले ‘जारी २’ बनाउने योजना नभए पनि अर्को फिल्मका लागि लेखेको कथामा सिक्वेल बनाउन मिल्ने भएपछि जोखिम उठाएको बताए । तर, ब्याज खानलाई मात्र सिक्वेल नबनाएको उनको दाबी छ ।

उनी भन्छन्, ‘मैले फरक कथामा फिल्म बनाउने जमर्को गर्दैगर्दा साथीभाई र अन्यले यसलाई ‘जारी २’ बनाउन मिल्छ भनेपछि आँट गरेको हुँ । ‘जारी’का पात्रहरू दर्शकमाझ लोकप्रिय भएकाले तिनलाई नै बोकेर अर्को कथा भन्न मिल्छ भने किन नभन्ने त भन्ने पनि भयो । मैले एकदमै जोखिम मोलेर ‘जारी २’ बनाएको हुँ । तर, ब्याज खाने लोभले मात्र चाहिँ बनाएको होइन ।’

उनलाई पत्रकारले अर्को प्रश्न गरे- ‘जारी सफल नभइदिएको भए सिक्वेल बन्थ्यो ।’ यसबारेमा उनी भन्छन्, ‘त्यो चाहिँ सोच्थेँ होला । तर, अर्कै नाममा चाहिँ फिल्म बन्न सक्थ्यो । सिक्वेल बनाउन के कुरामा धेरै सजिलो हुँदो रहेछ भने चरित्र स्थापित गर्नं पर्दैन र दर्शकसम्म पुग्न पनि सहज हुन्छ । सिक्वेल बनाउँदा यो सुविधा चाहिँ मलाई भएकै हो ।’

‘जारी २’ बनाउन धेरै चुनौती भएको उनको अनुभव छ । ‘सिक्वेल बनाउँदा थुप्रै कारणले चुनौती हुँदो रहेछ । ‘जारी’मा दर्शकलाई कथा र परिवेश नयाँ लागेको थियो । सिक्वेलमा त नयाँ लाग्ने कुरा हुँदैन । ‘जारी’मा देखिसकेको कथा र पात्रहरू हुने भएकाले सिक्वेलमा मैले कहाँ बढी प्रयास गर्ने भन्ने नै मेरो लागि ठूलो चुनौती थियो । त्यो चुनौतीलाई चिर्ने प्रयास चाहिँ गरेको छु,’ उनले भने ।

निर्देशक सुब्बाले ‘जारी २’मा लिम्बू समुदायको लोकबाजा च्याम्ब्रुङलाई विशेष महत्त्व दिएको ट्रेलरमा देखिन्छ । उनका अनुसार फिल्ममा च्याम्ब्रुङलाई विम्बको रूपमा प्रस्तुत गरिएको छ। भन्छन्, ‘फिल्ममा च्याम्ब्रुङ खुसीको विम्बको रूपमा छ । लिम्बू समुदायमा च्याम्ब्रुङ खुसीयालीमा बजाइने भएकाले यसलाई फिल्ममा खुसीको विम्ब बनाएका छौं ।’

# ‘जेरी अन टप’ : चार फ्लपपछि आँचलले पाएको हिट



**काठमाडौं–** विगत तीन वर्षयता अभिनेत्री आँचल शर्मा एउटा हिट फिल्मको पर्खाइमा थिइन् । यो बीचमा उनका चारवटा फिल्म असफल भए । उनलाई पहिलो पटक ‘लाइमलाइट’मा ल्याएको फिल्म ‘नाइँ नभन्नू ल’को छैटौं श्रृंखला होस् वा ‘कबड्डी’ समूहको फिल्म ‘डिग्री माइला’, कुनैले उनलाई सफलता दिलाउन सकेनन् । उनका पछिल्ला दुई फिल्म ‘दुःखी आत्मा’ र ‘वर एन्ड वधु’ पनि नराम्ररी डुबे ।

लगातार चार फिल्म असफल हुँदा आँचलको करिअर चुनौतीपूर्ण मोडमा पुगेको थियो । तर, तिहार छेकोमा रिलिज भएको फिल्म ‘जेरी अन टप’ले उनलाई ठूलो राहत दिएको छ । करिब १२ करोडको व्यापार गर्दै यो फिल्म यस वर्षको दोस्रो हिट बनिसकेको छ । यसको सफलताले आँचलको करिअरको ‘संकटमोचन’ मात्र गरेको छैन, अभिनयको प्रशंसाले उनलाई पुनः चर्चामा ल्याएको छ ।

‘जेरी अन टप’का लागि उनले ठूलो त्याग गरेकी थिइन् । यो फिल्मको छायांकन लम्बिँदा उनले पाँचवटा फिल्मबाट हात झिकेकी थिइन् । उनले ‘पिताम्बर’, ‘हर्ष’, ‘राम नाम सत्य’सहित अन्य दुई फिल्म छाडेकी थिइन् । ‘जेरी अन टप’ व्यावसायिक रुपमा सफल भएका कारण उनले फिल्महरू छाडेकोप्रति पछुतो महसुस गर्नं परेन । एउटै फिल्मले उनलाई लोभलाग्दो सफलता दिलाएको छ ।

तर, रोचक कुरा के छ भने ‘जेरी अन टप’ले लगभग १२ करोड कमाउँदा पनि यो आँचलको सर्वाधिक कमाउने फिल्मको सूचीमा पहिलो स्थानमा पर्न सकेको छैन । उनको सबैभन्दा धेरै कमाउने फिल्म ‘शत्रु गते’ हो, जसले १२ करोड ६५ लाख कमाइ गरेको थियो । अब ‘जेरी अन टप’ले ‘शत्रु गते’को रेकर्ड तोड्न सफल भएमा उनले आफ्नो करिअरमा एउटा नयाँ कीर्तिमान बनाउनेछिन् ।

# सञ्चिता र अञ्जनाले काटे ‘रुपरंग ब्यूटी स्टुडियो’को रिवन





**काठमाडौं–** काठमाडौंको बुद्धनगर क्षेत्रमा महिलाहरूका लागि सुविधासम्पन्न नयाँ ब्यूटी पार्लर सञ्चालनमा आएको छ । सञ्चारकर्मी समेत रहेकी मञ्जु गैरे पराजुलीले सञ्चालनमा ल्याएको ‘रुपरंग ब्यूटी स्टुडियो’को शनिबार अभिनेत्री द्वय सञ्चिता लुईंटेल र अञ्जना बराइलीले संयुक्त रूपमा रिवन काटेर उद्घाटन गरे ।

स्टुडियोको उद्घाटनपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै सञ्चिताले पार्लरको नामले नै आफूलाई लोभ्याएको बताइन् । उनले भनिन्, ‘मलाई पार्लरको नाम असाध्यै मनपर्‍यो । यो नामले नै महिलाहरूलाई आकर्षित गर्छ ।’ उनले आफू पार्लरको सेवा र सुविधाबाट प्रभावित भएकाले अब यसको नियमित ग्राहक बन्ने बताइन् । अञ्जनाले आफ्नो कीर्तिमानी फिल्म ‘पूर्णबहादुरको सारङ्गी’को जस्तै पार्लरको सफलताको कामना गरिन् । उनले अगाडि भनिन्, ‘मलाई पनि पार्लरको नाम एकदमै आकर्षक लाग्यो । अहिले व्यापार-व्यावसायको नाम अंग्रेजीमा राख्ने ट्रेन्ड छ । तर, ‘रुपरंग’को नाम नेपालीमै आकर्षक देखिएको छ ।’ उनले अब आफ्नो बास नै ‘रुपरंग’मा हुने बताइन् ।

स्टुडियोकी सञ्चालक गैरेले महिलाहरूका लागि सौन्दर्यसम्बन्धी सम्पूर्ण सेवा उपलब्ध रहेको बताइन् । उनले भविष्यमा ‘रुपरंग’लाई अझ वृहत रूपमा विस्तार गर्ने योजना रहेको पनि जानकारी दिइन् । बुद्धनगरस्थित यूएन पार्कको अपोजिटमा रहेको यो स्टुडियो रोज वर्ड स्कुलसँगै जोडिएको भवनको तेस्रो तल्लामा अवस्थित छ ।

# सलमान खानको ‘गलवान’मा अनुपसँगै प्रशान्त पनि देखिँदै






**काठमाडौं–** बलिउड सुपरस्टार सलमान खान यतिबेला आफ्नो नयाँ फिल्म ‘ब्याटल अफ गलवान’को छायांकनमा व्यस्त छन् । मुम्बईको गोरेगाउँस्थित फिल्म सिटीमा तीन सातादेखि छायांकन भइरहेको यस फिल्ममा नेपाली कलाकारहरूलाई पनि ‘कास्ट’ गरिएको छ । अभिनेता अनुप विक्रम शाही फिल्ममा मुख्य भिलेनको रुपमा छन् । सलमानसँग उनको १३ मिनेट लामो एक्सन सिन रहेको छ ।

गत भदौ अन्तिममा भारतको लद्दाख क्षेत्रमा करिब ४५ दिन फिल्मको पहिलो चरणको छायांकन हुँदा अनुप एक साता त्यहाँ बसेका थिए । दोस्रो चरणको स्टुडियो छायांकनका लागि गत साता मुम्बई गएका उनी आफ्नो भागको छायांकन पूरा गरेर आइतबार काठमाडौं फर्किसकेका छन् । उनी दुई चरणकै छायांकनमा उपस्थित हुनुले फिल्ममा उनको भूमिका महत्त्वपूर्ण रहेको पुष्टि गर्छ । यो फिल्ममा अनुपसँगै नेपाली मुलका अभिनेता तथा गायक प्रशान्त तामाङले पनि अभिनय गरेका छन् । यसको जानकारी उनी स्वयंले इन्स्टाग्राममार्फत दिएका छन् । प्रशान्तले फिल्मको छायांकनका क्रममा अनुपसँग खिचेको एक तस्वीर इन्स्टामा सेअर गर्दै लेखेका छन्, ‘अब केही छ । साँच्चै उत्साहित छु ।’ उनले सलमान खान र निर्देशक अपूर्व लाखियालाई धन्यवाद पनि दिएका छन् । प्रशान्तको यो पहिलो बलिउड प्रोजेक्ट भने होइन । उनले यसअघि भारतीय वेब सिरिज ‘पाताल लोक २’मा काम गरेका थिए, जसमा उनी स्नाइपरको भूमिकामा थिए । यसले उनलाई ठूलो लोकप्रियता दिलायो । उनले अर्को वेब सिरिज ‘द फेमिली म्यान ३’मा पनि काम गरेका छन्, जुन २१ नोभेम्बरमा रिलिज हुँदैछ । पछिल्लो समय उनी गायनभन्दा अभिनयमा बढी सक्रिय देखिएका छन् ।

# सुशील र दिव्याले सुरु गरे ‘राम नाम सत्य’को छायांकन

**काठमाडौं–** कोरियोग्राफरको रुपमा परिचित माइकल चन्दले आफ्नो डेब्यु निर्देशकीय फिल्म ‘राम नाम सत्य’को छायांकन चितवनमा सुरु गरेका छन् । शुक्रबार चितवनको भरतपुर-११ जिरौनामा अवस्थित धर्मधाम मन्दिरमा क्यामेरा पूजा गरेपछि त्यहीँ फिल्मको पहिलो दृश्य खिचियो । चितवनमा करिब ८० प्रतिशत छायांकनको तयारी गरिएको छ ।

४० दिन चितवनमा छायांकन गरेर निर्माण पक्ष हिमाल पारीको जिल्ला मुस्ताङ जानेछन् । त्यहाँ १० दिन छायांकन गरिने निर्देशक चन्दले बताए । उनका अनुसार अहिले फिल्मका मुख्य जोडी सुशील श्रेष्ठ र दिव्या रायमाझीमाथि केन्द्रित दृश्य खिच्ने काम भइरहेको छ । फिल्ममा अभिनेता विराज भट्टको पनि मुख्य भूमिका रहनेछ । उनी यसै साता छायांकनमा जोडिने जनाइएको छ । आगामी चैत्र २७ गतेबाट प्रदर्शनमा आउने यो फिल्ममा विराज, सुशील र दिव्यासहित आयुष सिंह ठकुरी, सुपुष्पा भट्ट, आशा पौडेल, खुशी कार्की, सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, रवि गिरी, दिनेश डीसी, राजेन्द्र आचार्य, अर्जंन सुनार, रामेश्वर शाह लगायतको अभिनय रहनेछ । ‘टिकटक स्टार’ आयुषले यही फिल्मबाट डेब्यु गर्न लागेका हुन् ।

एक्सन, सस्पेन्स तथा लभस्टोरी कथामा बन्ने यस फिल्ममा उपेन्द्र शाही र स्वेता विमली निर्मातामा छन् । किशोर भट्ट र राजेन्द्र भट्ट कार्यकारी निर्माता रहेको फिल्ममा मानकृष्ण महर्जनको डीओपी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, अर्जंन पोखरेल, एसडी योगी, विमल गिरी र नवाज अन्सारीको संगीत तथा विक्रम स्वाँर र सियोन श्रेष्ठको कोरियोग्राफी रहनेछ ।

# प्रभात र स्मारिका स्टारर ‘मुगलान’को टिजर रिलिज

**काठमाडौं–** आशिष ढकालको निर्देशनमा बनेको फिल्म ‘मुगलान’को टिजर सार्वजनिक गरिएको छ । रोजगारीका लागि परदेश जानुपर्ने नेपाली युवाको बाध्यताको कथालाई केन्द्रमा राखिएको टिजरमा त्रिकोणात्मक प्रेमकथा, गरिबी, र परदेशमा भोग्नुपर्ने पीडालाई मर्मस्पर्शी रूपमा देखाइएको छ । टिजर हेर्दा फिल्मले नेपाली समाजको यथार्थ चित्रण गरेको देखिन्छ ।

आगामी पुष १० गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा प्रभात पाल र स्मारिका ढकाल मुख्य भूमिकामा छन् । टिकटकर स्मारिकाले यही फिल्मबाट डेब्यु गरेकी हुन् । यसमा श्री शिवांशी, दिनेश डीसी, मोती सुबेदी, रामचन्द्र अधिकारी, खड्ग बहादुर पुन (ख.ब.पु.), राजु राज सोनी, रश्मी भट्ट, जीवन गौतम, सबिन बास्तोला लगायतको पनि अभिनय रहेको छ । निर्देशक ढकाल स्वयंको लेखन रहेको फिल्मका निर्माता गोमन सिंह हुन् । सह-निर्मातामा रिता चौधरी रहेकी छन् । यसमा अजय रेग्मीको डीओपी, तारा थापा ‘किम्भे’को सम्पादन, जय बिष्ट र राम गुरुको द्वन्द्व निर्देशन, रिदम कँडेलको ब्याकग्राउन्ड म्यूजिक, किरण भुषालको संगीत तथा देवेन्द्र कुँवरको कोरियोग्राफी रहेको छ ।

# रिलिज हेरफेरमा ‘अभिमन्यु’को रेकर्ड, अब मंसिर १८ मा




**काठमाडौं–** गत वर्ष प्रदर्शन भएको फिल्म ‘पूर्णबहादुरको सारङ्गी’ले बक्स अफिसमा व्यापारिक कीर्तिमान बनाएको थियो । सोही फिल्मका निर्माता समूहले निर्माण गरेको नयाँ फिल्म ‘अभिमन्यु’ले पनि रिलिज हुनु अगावै एउटा अनौठो कीर्तिमान बनाएको छ । यो फिल्मले सबैभन्दा धेरैपटक रिलिज मिति सारेर कीर्तिमान बनाएको हो । अहिलेसम्म चारपटक फिल्मको प्रदर्शन मिति हेरफेर भएको छ ।

सुरुमा फिल्मलाई साउन २३ गते रिलिजको तयारी गरिएको थियो । तर, यो मितिमा रिलिज सम्भव नभएपछि भदौ २७ गतेलाई नयाँ मिति घोषणा गरियो । रिलिजको तीन दिनअघि जेनजी आन्दोलन भएपछि फिल्म पुनः सर्‍यो र असोज २४ मा पुग्यो । तर, सो मितिमा शो नै नपाउने अवस्था आएपछि फिल्मलाई कात्तिक २१ गते सारियो । अब यो मितिबाट पनि फिल्म सरेको छ ।

बिहीबार निर्माण पक्षले पाँचौं प्रदर्शन मितिका रूपमा फिल्मलाई मंसिर १८ गते रिलिज गर्ने निर्णय गरेको छ । फिल्मको नयाँ मिति घोषणा गर्दै निर्माता विनोद पौडेलले फेसबुकमा लेखेका छन्, ‘कहिले के त कहिले के- अनेक कारणहरूले हाम्रो फिल्म चक्रव्यूमा फस्यो । सबै दर्शकसँग माफी माग्दै अब हामी नयाँ उमंग र प्रतिबद्धतासँग मंसिर १८ गते आउँदैछौं ।’ सुशान्त गौतमको निर्देशनमा बनेको यो फिल्ममा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । मुकेश खनालको लेखन रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्मातामा छन् भने रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता हुन् । यसमा शरद महतोको डिओपी रहेको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १६,
२०८२ साल कार्तिक २५ गते मंगलबार
11 NOVEMBER 2025, TUESDAY

# सिप्रदी ट्रेडिङले गऱ्यो २४ अर्बभन्दा बढीको ब्यापार




**काठमाडौं–** गाडी बिक्रेता कम्पनी सिप्रदी ट्रेडिङले सन् २०२५ मा २४ अर्ब बढीको सञ्चालन आम्दानी अर्थात् व्यापार गरेको छ । रेटिङ एजेन्सी इक्रा नेपालले सार्वजनिक गरेको कम्पनीको वित्तीय विवरणका अनुसार सिप्रदीले सन् २०२५ मा २४ अर्ब ८ करोड ८० लाख रुपैयाँ बराबरको व्यापार गरेको हो । जुन सन् २०२४ को तुलनामा ३० प्रतिशत बढी हो । यस कम्पनीले सन् २०२४ मा १८ अर्ब ५८ करोड ८० लाख रुपैयाँको व्यापार गरेको थियो भने सन् २०२३ मा १८ अर्ब ३० करोड ४० लाख, सन् २०२२ मा २८ अर्ब ९५ करोड ५० लाख र सन् २०२१ मा २५ अर्ब ४१ करोड ९० लाख रुपैयाँको व्यापार गरेको थियो ।

विगत पाँच वर्षको तुलनामा कम्पनीको व्यापार केही घटेको देखिए पनि गत वर्षको तुलनामा भने उल्लेख्य रुपमा बढेको हो । यो एक वर्षको अवधिमा कम्पनीको नाफा मार्जिन पनि बढेको छ । गत वर्ष २.२ प्रतिशतमात्रै रहेको नाफा मार्जिन सन् २०२५ मा २.७ प्रतिशत पुगेको हो । सन् २०२१ मा भने कम्पनीको नाफा मार्जिन ८.१ प्रतिशत थियो ।

देशकै सबैभन्दा ठूलो गाडी बिक्रेता कम्पनीको रुपमा परिचय बनाएको सिप्रदी नेपालमा टाटा गाडीको आधिकारिक बिक्रेता हो । नेपाली अटो बजारमा सिप्रदीको ठूलो बजार हिस्सा छ ।

कम्पनीको चालु पूँजी व्यवस्थापनमा उल्लेखनीय सुधार हुँदा तरलता स्थिति सुदृढ भएको रेटिङ एजेन्सी इक्रा नेपालले उल्लेख गरेको छ ।

नेपालको कमर्सियल भइकलको बजार ६० प्रतिशत बढीको हिस्सा राखेको सिप्रदीले देशभर आफ्नो सञ्जाल फैलाएको छ । कम्पनीले कमर्सियल भेइकलसँगै अन्य सवारीसाधन बिक्रीका साथै ब्याट्री, स्पेयर पाटर्स, लुब्रिकेन्ट जस्ता गैर-वाहन वस्तुहरू पनि बिक्री गर्दै आएको छ । कम्पनीले १३ अर्ब ७५ करोड रुपैयाँ ऋणका लागि रेटिङ पनि गराएको छ । दीर्घकालीन ऋणका लागि एल डबल बीप्लस र अल्पकालीनका लागि एफोर प्लस रेटिङ पाएको छ ।

कम्पनीले सन् २०२५ मा कारोबार करिब ३० प्रतिशत बढाउँदा कमर्सियल भेइकल तर्फ भने ६९ प्रतिशतको वृद्धि गरेको छ । बैंकको ब्याजदर घट्दा र ऋण कम हुँदै जाँदा वित्तीय खर्च घटेको विज्ञप्तिमा उल्लेख छ ।

सिप्रदीको मुख्य लगानीकर्ता सिद्धार्थ राणा हुन् भने कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सीईओ) राजनबाबु श्रेष्ठ हुन् । यसअघि विकासन्युजसँग कुरा गर्दै सीईओ श्रेष्ठले सिप्रदीलाई ५० अर्बको कम्पनी बनाउने लक्ष्य रहेको बताएका थिए ।

# टेस्ला शैलीमा 'रिभियन'ले पनि सीईओ आरजे स्क्यारिन्जलाई ४.६ अर्ब डलरको तलब प्याकेज दिने




**काठमाडौं–** इलेक्ट्रिक पिकअप र एसयूभी निर्माता रिभियनले शुक्रबार आफ्ना प्रमुख कार्यकारी अधिकृत (सीईओ)लाई आगामी १० वर्षमा ४.६ अर्ब डलरसम्म मूल्यको तलब योजना दिने घोषणा गरेको छ ।

यो सम्झौता टेस्लाका सीईओ एलन मस्कको ऐतिहासिक तलब प्याकेजसँग मिल्दोजुल्दो छ र नयाँ नाफा लक्ष्य र अघिल्ला सम्झौताभन्दा कम सेयर मूल्यका लक्ष्यहरूसँग बाँधिएको छ ।

रिभियन बोर्डको यो निर्णयले मस्कको टेस्ला योजना अन्य तीव्र रूपमा बढ्न चाहने कम्पनीहरूको लागि एउटा मोडेल बन्न सक्ने सङ्केत गर्छ । रिभियनका सीईओ आरजे स्क्यारिन्जलाई दिइएको यो तलब प्याकेज इतिहासकै सबैभन्दा ठूलोमध्ये एक हुन सक्छ- यदि कम्पनीले तोकेका कार्यसम्पादन लक्ष्यहरू पुरा भएको खण्डमा ।

रिभियनका अनुसार यो योजना कम्पनीका संस्थापकलाई कायम राख्ने र उनलाई विकास र नाफामा केन्द्रित राख्ने उद्देश्यले तयार गरिएको हो । रिभियनले हाल आफ्ना आरवानएस एसयूभी आरवानटी पिकअपहरू उत्पादन गर्दै आएको छ र अर्को वर्षदेखि सस्तो तथा सानो आरटु एसयूभी बजारमा ल्याउन तयारी गर्दैछ, जसले टेस्लाको सबैभन्दा बढी बिक्री भएको मोडेल वाई क्रसओभरसँग प्रतिस्पर्धा गर्नेछ ।

यो नयाँ योजना अघिल्लोभन्दा फरक छ किनभने बोर्डले अघिल्लो लक्ष्यहरू पूरा गर्न कठिन हुने बताएको थियो । नयाँ योजनामा सेयर मूल्य वृद्धिका लक्ष्यहरू पनि घटाइएका छन् ।

मुख्य ईभी कर छुट हटाइएका कारण यस वर्षको बाँकी अवधिमा बिक्री घट्ने अपेक्षा गरिएको छ । त्यसैले रिभियनले खर्च कटौतीमा जोड दिइरहेको छ र हालै ६०० जना (४.५ प्रतिशत) कर्मचारीलाई निकालेको छ ।

टेस्लाका सेयरधारकहरूले बिहीबार एलन मस्कका लागि १ ट्रिलियन डलरको ऐतिहासिक तलब प्याकेज स्वीकृत गरे, जुन १० वर्षको सञ्चालन र मूल्यांकन लक्ष्यहरूमा आधारित छ । बोर्डले भनेको थियो कि योजना अस्वीकृत भए मस्कले कम्पनी छोड्न सक्थे । 'रिभियनले सिधै नक्कल गरेको त होइन, तर यसमा एलन मस्कका केही समान विशेषताहरू छन्,' क्षतिपूर्ति परामर्श कम्पनी क्लियरब्रिज कम्पेन्सेसन ग्रुपकी साझेदार योनेट असायागले भनिन् । 'यो प्रस्तावले देखाउँछ कि अन्य कम्पनीहरूले पनि टेस्लाको मोडेलअनुसार सीईओको तलबलाई ठूलो बजार वृद्धिसँग जोड्ने रणनीति अपनाइरहेका छन् । धेरै कम्पनीहरूले हामीलाई पनि त्यस्तै योजना बनाउन सल्लाह मागेका छन् । यो मस्कसँग प्रतिस्पर्धा गर्न होइन, मस्कको प्रेरणाबाट आएको प्रयास हो,' उनले थपिन् । तर इक्विलार अनुसन्धान कम्पनीका निर्देशक अमित बतिशका अनुसार यस्ता महत्त्वाकांक्षी तलब योजना आकर्षक लागे पनि सबै समयमा सफल हुँदैनन्, किनभने नीतिहरू र आर्थिक अवस्थाहरू बदलिँदै जाँदा लक्ष्य हासिल गर्न कठिन हुन सक्छ ।

**नयाँ योजना**

नयाँ योजनाअनुसार सीईओ स्क्यारिन्ज लाई ३६.५ मिलियन क्लास ए सेयर खरिद गर्ने विकल्प दिइएको छ, जुन अघिल्लो योजनाभन्दा करिब १६ मिलियन बढी हो । प्रति सेयर १५.२२ डलरमा खरिद गर्न पाउने व्यवस्था छ भन्ने कुरा रिभियनले अमेरिकी सिक्युरिटीज एन्ड एक्सचेन्ज कमिसन (एसईसी) मा दर्ता गरेको फाइलिङमा उल्लेख गरेको छ ।

यो पुरस्कार १० वर्षभित्र ४० देखि १४० डलर बीचको सेयर मूल्य लक्ष्य प्राप्त हुनुका साथै आगामी सात वर्षभित्र सञ्चालन नाफा र क्यास फ्लो लक्ष्यहरू पूरा भएमा लागू हुनेछ । कम्पनीले ती लक्ष्यका विवरण भने सार्वजनिक गरेको छैन ।

अघिल्लो सन् २०२१ को योजनामा भने सेयर मूल्य ११० देखि २९५ डलर पुग्नुपर्ने सर्त थियो, जुन रिभियनले अब रद्द गरेको छ ।

रिभियनको सेयर मूल्य बिहीबार १५.२२ डलरमा बन्द भएको थियो ।

नयाँ प्याकेजले कम्पनीको करिब ३ प्रतिशत सेयर बराबरको मूल्य समेट्छ । स्क्यारिन्जले हाल कम्पनीमा २ प्रतिशत स्वामित्व राखेका छन् । लगानीकर्ता रिभियन सेयरधारक भाइटाली गोलोम्बले भने, 'आरजेको प्रारम्भिक स्थिति मस्कको भन्दा धेरै यथार्थपरक छ ।'

यदि रिभियनले सबै लक्ष्यहरू पूरा गर्‍यो भने स्क्यारिन्जले ४.६ अर्ब डलरसम्म कमाउने छन् जबकि कम्पनीका सेयरधारकहरूले १५३ अर्ब डलर बराबरको मूल्य वृद्धि पाउने रोयटर्सले अनुमान गरेको छ ।

रिभियनको बोर्डले स्क्यारिन्जको मूल तलब दोब्बर गरी २ मिलियन डलर पुर्‍याएको छ । यो परिवर्तन स्वतन्त्र क्षतिपूर्ति सल्लाहकारको सिफारिसमा गरिएको हो र तलबलाई शेयरधारक फाइदासँग राम्रोसँग मिलाउने उद्देश्य राखिएको हो । अर्कोतर्फ स्क्यारिन्जलाई माइन्ड रोबोटिक्स नामको नयाँ रिभियन स्पिन-अफ कम्पनीमा १ मिलियन सामान्य इकाईहरू पनि दिइएका छन् । यस कम्पनीले औद्योगिक एआई प्रविधि विकास गरिरहेको छ । यसबाट स्क्यारिन्जलाई १० प्रतिशतसम्मको आर्थिक स्वामित्व प्राप्त हुनेछ जब कम्पनीले निश्चित नाफा स्तर पार गर्छ । स्क्यारिन्ज माइन्ड रोबोटिक्सका बोर्ड अध्यक्ष बन्नेछन् र रिभियनले पनि उक्त कम्पनीमा सेयरधारकको भूमिका राख्नेछ ।

# यो सरकारले चुनाव गराउँदैन: ओली



**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चुनाव नगराउने दावी गरेका छन् ।

विभिन्न समयमा एमाले छाडेर गएकाहरूलाई भित्र्याउन सोमबार काठमाडौंमा आयोजित 'घर फर्क' अभियानमा ओलीले यो सरकारको उद्देश्य चुनाव गराउन नभएको दावी गरेका हुन् ।

प्रमुख तीन दलका शीर्ष नेतासँग भेट्न अनिच्छा प्रकट गर्दै प्रधानमन्त्री सुशीला कार्कीले केही दिनअघि दिएको अभिव्यक्तिको ओलीले आलोचना गरे । 'चुनावको रट लगाउने यो सरकार राजनीतिक पार्टीका नेताको अनुहार हेर्न, देख्न, भेट्न कुरा गर्न मन छैन भन्छ,' उनले भने, 'प्रधानमन्त्रीका सहयोगी भन्छन्- राजनीतिक दललाई चुनावमा भाग लिन दिने होइन । नेताहरूलाई त घरबाटै निस्कन दिने होइन । अर्कोथरि भन्छन्- पार्टीले नै जित्ने हो भने त चुनाव किन गराउने ? अनि यिनले चुनाव गराउँछन् भनेर हामीले पत्याइदिनुपर्ने ?' जेनजी विद्रोहले प्रधानमन्त्री बनाएकी प्रधानमन्त्री कार्कीले १४ कात्तिकमा सम्पादकहरूसँगको भेटमा ठूला तीन दलका शीर्ष नेतासँग भेट्ने इच्छा नभएको टिप्पणी गरेकी थिइन् । यस्तो सरकारले चुनाव नै नगराउने दावी गरेका ओलीले भने, 'विभिन्न देशमा ६ महिनामा चुनाव गराउन भनेर अन्तरिम सरकार बनाएका हुन्छन् । हामी कहाँ पनि ६ महिनामै चुनाव गराउने भनिएको छ । तर, डेढ वर्षसम्म चुनाव नभएका थुप्रै देश छन् । कुनै देशमा त पाँच वर्षसम्म चुनाव गराएका छैनन् । यस्तो सरकारले चुनाव गराउने चाहना नै राखेको हुँदैन ।' २३ र २४ भदौको जेनजी आन्दोलनबाट अपदस्त भएका ओलीले वर्तमान सरकार असंवैधानिक भन्दै यस्तो सरकारलाई आफ्नो दलले मान्यता नदिने बताए । 'यो सरकारसँग हामीले लड्नुपर्नेछ । किनभने यो सरकार असंवैधानिक छ । यस्तो सरकारलाई मान्यता दिने होइन, यसले गरेका असंवैधानिक क्रियाकलापहरू असफल बनाउने हो,' उनले भने ।

# चित्लाङमा नेपाल टेलिकमको एनटी फाइबर सेवाको विस्तार

**काठमाडौं–** नेपाल टेलिकमले मकवानपुर जिल्लाको पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएको थाहा नगरपालिका, चित्लाङमा एनटी फाइबर सेवाको विस्तार गरेको छ ।

थाहा नगरपालिका ९ मा रहेको श्री स्वच्छन्द भैरव माध्यमिक विद्यालयमा २०८२ कार्तिक १८ गते टेलिफोन तथा इन्टरनेट सेवा सहितको एफटीटीएच सेवा सञ्चालन गरेसँगै उक्त क्षेत्रमा आधारभूत टेलिफोन तथा इन्टरनेट सेवाको सुरुवातद भएको हो ।

ग्राहकवर्गको निरन्तर बढ्दो मागसँगै केही विद्यालय तथा अन्य संस्थाहरुमा एफटीटीएच जडानको प्रकृया अगाडि बढिसकेको छ । हाल च्बमष्य द्यबअपजबर्गा बाट सेवाको सुरुवात गरिएकोमा ग्राहकको बढ्दो मागलाई सम्बोधन गर्न निकट भविष्यमा नै **Fiber Backhaul** बाट सेवाप्रवाह गरी टेलिफोन, इन्टरनेट तथा टेलिभिजन सेवासमेत विस्तार गर्ने योजना कम्पनीको रहेको छ ।

**निमोनियाबाट बचौं र बचाऔं**

**निमोनिया संक्रमणका लक्षणहरु:**

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

**बालबालिकालाई निमोनियाबाट बचाउन:**

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनआकास मिडिया प्रा.लि का लागि :** प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार